
विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क :१३६ ★ ने. सं. ११४६ अनला गा, अष्टमी ★ सोमबार ★ २५ जेठ, २०८३ ★ June 8, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## देश र जनताको नि:स्वार्थ सेवा नै नेमकिपाको राजनीति

काठमाडौँ, २४ जेठ । नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिको आयोजनामा शनिबार अनलाइन प्रविधिमार्फत समसामयिक विषयमा छलफल कार्यक्रम सम्पन्न भयो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले देश र जनताको नि:स्वार्थ सेवा गर्ने भावना राखेर नेमकिपाले राजनीति गरिरहेको प्रस्ट पार्नुभयो ।

उहाँले अहिलेको नयाँ भनिएको सरकारको पार्टीले आफ्नो विधानमा शोषणरहित समाज उल्लेख गरे पनि व्यवहारमा आर्थिक उदारीकरणलाई जोड दिइरहेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "शोषणरहित समाज बनाउन उत्पादनका मुख्य-मुख्य साधन, सेवा र स्रोत सामाजिकीकरण गर्नुपर्छ; आर्थिक उदारीकरणमा शोषण कायम नै हुन्छ; आर्थिक विषय र विदेश मामिला पुरानै भएकोले अहिलेको सरकार र पार्टीलाई नयाँ भन्न मिल्दैन ।"

सचिव सुवालले विगतमा जस्तै पुँजीवादी अर्थतन्त्रका सेवकहरूले नै सरकारको नेतृत्व गरिरहेको चर्चा गर्दै 'मुनरो डक्ट्रिन' र 'मोदी डक्ट्रिन' स्वीकार्नुपर्छ भन्नेहरूले देशको हित नगर्ने स्पष्ट पार्नुभयो ।

उहाँले भदौ २३ र २४ गतेको हत्या र आगजनी साम्राज्यवादी अमेरिका र विस्तारवादी भारतका योजनामा भएको र नेपाली सेनाले पनि त्यसमा साथ दिएको कार्की आयोग र मानव अधिकार आयोगको प्रतिवेदनले सङ्केत गरेको चर्चा गर्दै नख्खु जेल तोडेर रास्वपाका नेतालाई उनका कार्यकर्ताहरूले भगाएपछि नै देशभर आगजनी सुरू भएको र हिंसा मच्चिएको प्रतिवेदनमा उल्लेख गरिएको बताउनुभयो ।

सचिव सुवालले अमेरिकन युथ काउन्सिल, बार्बरा फाउन्डेसनलगायत अमेरिकन लगानीमा चलेका एनजीओ-आईएनजीबाट तयारी भएकाहरू नै देशमा विध्वंश मच्चाउन संलग्न भएको र चुनावमा विजयी भएर संसद् र सरकारमा पुगेको तथ्य प्रस्तुत गर्दै चुनाव पनि प्रायोजित घटना नै पुष्टि हुने बताउनभुयो ।

उहाँले भेनेजुयला र भारतका विभिन्न राज्यमा चुनावबाटै सरकारको नेतृत्वमा पुगेका कम्युनिस्ट पार्टीको सरकार र पार्टी नै कमजोर बन्दै गएको बताउँदै चुनाव परिणाम नै सबथोक नहुने उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "चुनाव जनताको राजनीतिक चेतनास्तर नाप्ने ब्यारोमिटर हो; हामीले जनतालाई नबुझाई सुखै छैन ।"

सरकार नहुँदा 'ग्रेटर नेपाल' को नक्सा आ-आफ्नो कार्यालयमा झुन्ड्याउनेहरूले सरकारको नेतृत्वमा पुगेपछि उल्टो नेपालले भारतको जग्गा मिचेको बताउनु देशघाती काम भएको प्रस्ट पार्दै उहाँले नेपालमा प्रधानमन्त्री फेर्ने-नफेर्ने निर्णय अमेरिका र भारतले नै गर्ने बताउनुभयो ।

## खेलकुदले अनुशासन, नेतृत्व र आत्मविश्वास विकास गर्ने भएकोले अध्ययनसँगै खेलकुदमा पनि निरन्तर लाग्नुपर्ने

भक्तपुर, २४ जेठ । भक्तपुर नगरपालिकाको आयोजनामा विभिन्न ६ वटा खेलकुद प्रशिक्षणमा सहभागी भई एसईई २०८२ मा उत्तीर्ण भएका ४० जना खेलाडीलाई सम्मान तथा बधाई ज्ञापन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहभागी खेलाडीहरूलाई आगामी शैक्षिक तथा खेलकुद यात्राका लागि शुभकामना दिँदै अध्ययन र खेलकुदलाई सँगसँगै अगाडि बढाउन प्रेरित गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले खेल र शिक्षालाई सँगसँगै अगाडि बढाउन समय व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गर्नुभयो ।

उहाँले खेलकुदले अनुशासन, नेतृत्व र आत्मविश्वास विकास गर्ने भएकोले अध्ययनसँगै खेलकुदमा पनि निरन्तर लाग्नुपर्ने बताउनुभयो । प्राप्त ज्ञानलाई व्यवहारमा उतार्दै जिम्मेवार र व्यावहारिक नागरिक बन्न विद्यार्थीहरूलाई उहाँले प्रेरित गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले विद्यार्थीलाई अनुशासित, मेहनती र जिम्मेवार बन्न आग्रह गर्दै ज्येष्ठ तथा वरिष्ठहरूको सम्मान गर्नुपर्ने बताउनुभयो ।

उहाँले निरन्तरको प्रयास, लगनशीलता र सकारात्मक सोचले समाजमा आफ्नो स्थान स्थापित हुँदै जाने उल्लेख गर्नुभयो ।




खेलकुद केवल प्रतिस्पर्धा नभई सम्मान, प्रतिष्ठा र पहिचान कमाउने माध्यम भएकोले खेलमार्फत आफ्नो परिवार तथा नगरको गौरव बढाउन खेलाडीहरूलाई प्रेरित गर्नुभयो ।

प्रमुख प्रजापतिले राष्ट्रियता, स्वाभिमान र देशप्रेमको भावना बलियो बनाउनुपर्ने बताउनुभयो ।

उहाँले देशको सीमा, राष्ट्रिय हित र सार्वभौमिकताको संरक्षण राज्यको मात्र नभई सचेत नागरिकको पनि दायित्व भएको धारणा राख्दै प्रधानमन्त्रीले प्रतिनिधिसभामा सीमासम्बन्धी अभिव्यक्ति दिँदै नेपालले पनि भारतको सिमाना मिचेको अभिव्यक्तिले नेपालको सार्वभौमिकता तथा कूटनीतिक अडानलाई कमजोर बनाउन सक्ने बताउनुभयो ।

विशेष गरी युवा विद्यार्थीहरूले शिक्षा, ज्ञान, अनुशासन र जिम्मेवार नागरिकताको माध्यमबाट राष्ट्रको हित र पहिचान जोगाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

सहज र सजिलो बाटो रोज्नेभन्दा चुनौतीपूर्ण कार्यलाई आत्मसात् गर्ने व्यक्ति नै जीवनमा अगाडि बढ्ने बताउँदै उहाँले एसईईपछि कुन विषय अध्ययन गर्ने र भविष्यमा के बन्ने भन्ने स्पष्ट लक्ष्य निर्धारण गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो । आफूले रोजेको क्षेत्रमा गहिरो अध्ययन, निरन्तर अभ्यास र मेहनतमार्फत विशेषज्ञता हासिल गर्न सके मात्र प्रतिस्पर्धी युगमा सफल हुन सकिने उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेलकुदले युवापुस्तालाई अनुशासित, स्वस्थ र जिम्मेवार नागरिक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै नयाँ पुस्तालाई सही दिशातर्फ मार्गदर्शन गर्न खेलकुद गतिविधिमा जोडिन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

उहाँले खेलकुदलाई सर्वसाधारणको पहुँचमा पुऱ्याउन स्थानीय तहले आवश्यक पूर्वाधार विकास, प्रशिक्षण तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा प्रशिक्षक विनोदचरण रायले विद्यार्थी जीवनमा शिक्षा र खेलकुदलाई सँगसँगै अघि बढाउनुपर्नेमा

*बाँकी पृष्ठ ८ मा*

## राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – १०

**सिफारिश खण्ड**

५. सुरक्षाकर्मीको गोली लागेर सुनसरी जिल्लाको इटहरीमा २ जना र झापा जिल्लामा ३ जनाको मृत्यु भएको देखिँदा सो घटनाहरूको सूक्ष्म अनुसन्धान गरी दोषीलाई कारबाही गर्न ।

६. भदौ २४ गतेको हिंसात्मक प्रदर्शनीमा भएको आगजनीमा परी मृत्यु भएका २१ जनामध्ये पहिचान भएका ९ जनाको परिवारको हकमा जेन-जी प्रदर्शनको क्रममा मारिएका अन्य मृतकका हकवाला परिवारलाई दिएसरह राहत/क्षतिपूर्ति उपलब्ध गराउन र पहिचान नभएका १२ जनाको हकमा पहिचान गरी निजका हकवालालाई पनि अन्य सरह राहत/क्षतिपूर्ति उपलब्ध गराउन ।

७.सुरक्षाकर्मीको गोली लागी मृत्यु भएका बालसुधार गृह नौबस्ता बाँकेका ५ जना बाल बिज्याईकर्ता, रामेछाप कारागारका ३ जना र धादिङ कारागारका २ जना कैदीबन्दीसमेत १० जनाको घटना सम्बन्धमा सूक्ष्म अनुसन्धान गरी दोषीलाई कारबाही गर्न र बालबन्दी तथा कैदीबन्दीका हकवाला परिवारलाई अन्यलाई दिएसरहको राहत क्षतिपूर्ति उपलब्ध गराउन ।

८. निजी क्षेत्रका व्यापारिक प्रतिष्ठान तथा निजी सम्पत्तिको हानि नोक्सानीको लगत लिई यथार्थ मूल्याङ्कन गरी यथासक्य उचित र मनासिब क्षतिपूर्ति दिलाउन ।

९. भदौ २३ र २४ गतेको प्रदर्शनमा शान्तिपूर्ण प्रदर्शन गर्ने भनी अनुमति लिएकोमा प्रदर्शन हिंसात्मक हुँदै जाँदा रोक्न नसकेको देखिएकोले अबदेखि आफूले आयोजना गरेको कार्यक्रममा घुसपैठ रोक्न तथा प्रदर्शनलाई हिंसात्मक हुन नदिन आवश्यक कार्य गर्न पुरुषोत्तम यादव, सबल गौतम, अङ्कित मल्ल, खेमराज साउद तथा 'हामी नेपाल' संस्थाका अध्यक्ष सुधन गुरुङ समेतलाई थप अनुसन्धान गर्न ।

१०. अभियन्ता, आह्वानकर्ता, समर्थकसमेत भनिएका व्यक्तिहरू गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, रक्षा बम, कृष्ण कार्की, डा. तोषिमा कार्की, राजीव खत्री, शोम शर्मा, केपी खनाल, दीपक बोहरा, मनिष झा, ज्वाला सङ्ग्रौला, हेमराज थापा, विमल पन्त, खेमराज साउद, पुरुषोत्तम यादव, 'हामी नेपाल' संस्थाका अध्यक्ष सुधन गुरुङ, अमनप्रताप अधिकारी, विवेक थपलिया, सिसन बानिया, आशिका तामाङ, असिममान बस्नेत, भाग्य न्यौपाने, टङ्क दाहाल, भिक्टर पौडेल, अङ्कित मल्ल, उमेश बोहरा, शिव यादव, विनोद देउवा, सरु सुनुवार, भीम उपाध्याय, रवि किरण हमाल, हरि ढकाल, निश्चल बस्नेत, सुशीला कार्की, ओमप्रकाश अर्याल, गौरीबहादुर कार्की, पशुपति खड्का, दुर्गा प्रसाई, ऊर्जा बराल, जेरी ताम्राकार, हेमसागर विद्रोही, बुद्ध छिरिङ, सन्तोष राजावादी, अमित खनाल, दीपक देवकोटा, गौरव बराल, हिमानीराज्य लक्ष्मी सिंह, निशान मैनालीसहितका व्यक्तिले प्रदर्शनपूर्व, प्रदर्शनका दौरान र प्रदर्शनपश्चात् दिएको अभिव्यक्ति सामाजिक सञ्जाल, प्रकाशित समाचार र राष्ट्रिय अनुसन्धान विभागले 'निजहरू प्रदर्शनमा सहभागी हुन सक्ने' भनी सङ्कलन गरेको प्रतिवेदनसमेतका आधारमा उल्लेख हुन आएको देखिन्छ । भदौ २३ र २४ गतेको घटनामा भएको मानवीय र भौतिक क्षति समेतका कार्यमा निजहरूको संलग्नता रहे नरहेको, निजहरूको अभिव्यक्तिबाट प्रदर्शनकारीहरू आक्रोशित र उत्तेजित भई कुनै असर र प्रभाव परे नपरेको, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने काम निजहरूबाट भए नभएको वा सोको दुरुत्साहन भए नभएको सम्बन्धमा सूक्ष्म अनुसन्धान गरी सम्बन्धित व्यक्ति तथा आम नागरिकलाई सुसुचित गराई

*बाँकी पृष्ठ ८ मा*

## अमेरिकाको ओहायोस्थित उत्सवमा गोली चल्दा कम्तीमा १२ जना घाइते

ओहायो, ७ जून (एपी) । अमेरिकाको ओहायो राज्यस्थित टोलेडो सहरमा आयोजित एक सामुदायिक उत्सव नजिकै गोली चल्दा कम्तीमा १२ जना घाइते भएका छन् । घटनामा संलग्न व्यक्तिहरूको खोजी कार्य जारी रहेको स्थानीय प्रहरीले जनाएको छ ।

टोलेडो प्रहरी विभागका उपप्रमुखका अनुसार घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ । प्रारम्भिक अनुसन्धानका आधारमा कम्तीमा दुई जना व्यक्तिले एकअर्कातर्फ गोली चलाएको हुन सक्ने अनुमान गरिएको छ ।

घटना टोलेडोको ऐतिहासिक क्षेत्रमा आयोजना हुँदै आएको वार्षिक सामुदायिक उत्सवको आसपास भएको बताइएको छ । उक्त उत्सवमा प्रत्यक्ष साङ्गीतिक प्रस्तुति, सांस्कृतिक कार्यक्रम तथा स्थानीय ऐतिहासिक घरहरूको अवलोकनजस्ता गतिविधि सञ्चालन भइरहेका थिए ।

गोली चलेपछि उत्सवस्थलमा उपस्थित सर्वसाधारणमा त्रास फैलिएको थियो । प्रत्यक्षदर्शीहरूका अनुसार अचानक गोलीको आवाज सुनिएपछि मानिसहरू ज्यान जोगाउन चारैतिर भागेका थिए । सामाजिक सञ्जालमा सार्वजनिक भएका केही दृश्यहरूमा मानिसहरू भागदौड गरिरहेको तथा आपत्कालीन सेवाका कर्मचारीहरूले घाइतेहरूको उद्धार गरिरहेको देखिएको छ ।

घटनास्थलमा उपस्थित एक प्रत्यक्षदर्शीले आफू साथीहरूसँग साङ्गीतिक कार्यक्रम हेरिरहेका बेला लगातार गोली चलेको आवाज सुनेको बताउनुभयो । उहाँका अनुसार गोली चलेपछि सबैजना भुइँमा पल्टिएका थिए । केही समयपछि उनले आफूनजिकै एक हतियार फालिएको देखेका थिए । उत्सवको सुरक्षाका लागि त्यहाँ खटिएका प्रहरीहरू तत्काल घटनास्थलमा पुगेका थिए ।

ओहायोका गभर्नरले घटनाप्रति गहिरो चिन्ता व्यक्त गर्दै गर्मीयामका

*बाँकी पृष्ठ ८ मा*

# अनुसन्धानसम्बन्धी तालिम तथा पुनर्ताजगी कार्यक्रम




भक्तपुर, २४ जेठ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा गत वैशाख १३ गतेदेखि १५ गतेसम्म कलेजमा सञ्चालन भएको तीनदिने अनुसन्धानसम्बन्धी तालिम तथा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा गत वैशाख २१ गतेदेखि २३ गतेसम्म सञ्चालन भएको तीनदिने पुनर्ताजगी कार्यक्रम सहभागी शिक्षक तथा कर्मचारीहरूलाई आइतबार एक समारोहबिच प्रमाणपत्र प्रदान गरियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख तथा कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले तालिमबाट प्राप्त ज्ञान र सीपको प्रभावकारी उपयोग गर्दै अनुसन्धानसँगै नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा अन्य विकासका गतिविधिहरूमा भक्तपुर नगरपालिका अन्य स्थानीय तहभन्दा अग्रणी रहेको चर्चा गर्दै नगरपालिकाका कार्यप्रणाली तथा उपलब्धिहरू अध्ययन गर्न विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू भक्तपुर आउने गरेको उहाँले बताउनुभयो ।

उपप्रमुख जोशीले भन्नुभयो, "पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति भन्ने नारालाई आत्मसात् गर्दै नयाँ पुस्तालाई योग्य, सक्षम तथा देश र जनताप्रति जिम्मेवार नागरिकका रूपमा विकास गर्नु अहिलेको आवश्यकता हो ।"

नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले अनुसन्धानसँगै नवप्रवर्तनलाई पनि संस्थागत रूपमा अगाडि बढाउन सुझाव दिँदै उहाँले विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायन प्राप्त भइसकेकाले त्यसको प्रभावकारी कार्यान्वयन तथा नवप्रवर्तनात्मक गतिविधिमा अझ सक्रिय हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको प्राविधिक सहयोगमा २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त करिब १७८ वटा ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको पुन:निर्माण, जीर्णोद्धार तथा मर्मत कार्य सम्पन्न गरिएको उहाँले बताउनुभयो ।

कलेजका प्राचार्य ई. सुनिल दुवालले अध्ययन-अध्यापनसँगै अनुसन्धान र नवप्रवर्तनको सोचलाई संस्थागत रूपमा अघि बढाउने सोचसहित कलेजको कार्य गर्दै आएको बताउनुभयो ।

कलेजको रिसर्च एन्ड डेभलपमेन्ट युनिटका संयोजक प्रा. डा. राजुभाइ त्यातले सम्पन्न दुवै तालिमको समीक्षात्मक टिप्पणी प्रस्तुत गर्दै यस्ता क्षमता अभिवृद्धिमूलक कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रशासन शाखा प्रमुख सञ्जय मानन्धरले पनि बोल्नुभएको थियो ।

# वागीश्वरी कलेजका विद्यार्थीहरूको सामुदायिक सर्वेक्षण ठिमीमा




भक्तपुर, २४ जेठ । वागीश्वरी कलेजको मानविकी सङ्कायअन्तर्गत स्नातक तहमा प्रथम र दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूको सामुदायिक सर्वेक्षण र सिकाइ कार्यक्रम मध्यपुर ठिमी नगरपालिकाको वडा नं ८ का वडा अध्यक्ष रमेश थापा श्रेष्ठको प्रमुख आतिथ्यमा शनिबार नर्थ प्वाइन्ट हलमा सम्पन्न भयो ।

समापन समारोहमा वडा अध्यक्ष श्रेष्ठले सामुदायिक कलेजको प्रत्यक्ष सिकाइ र व्यावहारिक सिकाइले विद्यार्थीहरूको ज्ञानको दायरा फराकिलो हुनेमा विश्वास प्रकट गर्नुभयो । उहाँले वडागत परिवेशसँगै आफ्नो ठाउँ आफै विकास गर्ने भावना राखी वैदेशिक रोजगारीलाई निरुत्साहित गर्नुपर्ने पनि बताउनुभयो ।

कार्यक्रमका प्रशिक्षक मङ्गलेश्वर ध्वजूले वागीश्वरी कलेजको समुदायबाट सिक्ने मौलिक अभ्यासको दौरानमा हालसम्म ११ जिल्लामा सिकाइ अध्ययन भ्रमण गराएर विद्यार्थीहरूले परियोजना कार्य गर्दै आएको प्रकाश पार्नुभयो ।

स्नातक दोस्रो वर्ष सामाजिक कार्यका विद्यार्थी विन खाइजु र समाजशास्त्र प्रथम वर्षका विद्यार्थी कञ्चन तिमिल्सिनाले सिकाइ र अध्ययन भ्रमणको अनुभव बाँड्नुभयो । विद्यार्थीहरू भक्तकुमारी लामिछाने, शोभा लागेजु, विपिन कुसाथा, जेनिस बाडे र प्रतीक राईले पनि प्रमुख अतिथिसँगको साक्षात्कार कार्यक्रममा प्रश्नहरू राख्नुभएको थियो ।

शिक्षक अम्बर दलीश्रेष्ठले सहजीकरण गर्नुभएको सो कार्यक्रम अन्तर्गत बिहान सबेरै सो टोलीले ठिमी सेरामिक्स, धार्मिक क्षेत्र नीलबाराहीबाट अध्ययन भ्रमण गरेको थियो । तत्पश्चात् ठिमी सेरामिक्स बहाखा बजार, बालकुमारी, चपाचोलगायतका ठिमीको मुख्य बजारमा पुगेर नगदेशमा विभिन्न समूह बनाएर तरकारी खेतीबारे स्थानीय किसानहरूसँग सर्वेक्षण गरेका थिए । समापन समारोहपछि विद्यार्थीहरूले कमलपोखरीमा पुग्दा ताजगीको अनुभव गरेका थिए ।

समाजशास्त्र, सामाजिक कार्य, ग्रामीण विकास र पत्रकारिताका ३१ जना विद्यार्थीहरू र ६ जना शिक्षकहरूको सहभागितामा सो कार्यक्रम भएको थियो ।

**लङ्केश्वरमा अध्ययन भ्रमण**

साथै सोही दिन स्नातक तह व्यवस्थापन सङ्कायमा अध्ययनरत २० जना विद्यार्थीहरूको अध्ययन भ्रमण काभ्रेपलाञ्चोकस्थित लङ्केश्वरमा सम्पन्न भयो । ५ जना शिक्षकहरूको पनि सहभागिता रहेको सो भ्रमण पनौती स्थित रेशम खेती, जलविद्युत्को जलाशय, बल्थली हुँदै लङ्केश्वर महादेव स्थानमा पुगेको थियो ।

# भक्तपुर बचतमा सदस्य सम्बन्ध र नेतृत्व विकास तालिम




भक्तपुर, २४ जेठ । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कर्मचारीहरूलाई लक्षित गरी सदस्य सम्बन्ध र नेतृत्व विकास तालिम शनिबार सम्पन्न भएको छ ।

कार्यक्रममा संस्थाका सल्लाहकार रत्नप्रसाद प्रजापतिले कर्मचारीहरूले सदस्यसँग सरल, सभ्य र नम्र भएर व्यवहार गर्नुपर्नेमा जोड दिँदै तालिमले संस्थाको संस्थागत विकासमा टेवा पुग्ने बताउनुभयो । उहाँले विभिन्न समयमा दिँदै आएका तालिमहरूले संस्थाको प्रगति सम्भव बनेको यथार्थ चित्रण गर्दै संस्थाको स्थापनाकालमा संस्थाप्रति समाजले हेर्ने दृष्टिकोण नै फरक भएको बताउनुभयो ।

उहाँले हाल राष्ट्रिय सहकारी प्राधिकरणले ल्याएको नीति निर्देशन पहिल्यै आएको भए सहकारीमा त्यति समस्या नहुने स्पष्ट पार्दै खराब र सही नहेरी सहकारीको दर्तालाई सरकारले जोड दिएकोले सहकारीमा समस्या आएको बताउनुभयो । उहाँले सहकारीलाई बैङ्कको जस्तो नीति नियम ल्याउँदा सञ्चालन गर्न कठिन भएको औँल्याउनुभयो ।

उहाँले सरकारले जनतासँग गरेको वाचाभन्दा जनताको ढाड सेक्ने बजेट ल्याएको उल्लेख गर्दै सहकारीकर्मीहरूले देशको राजनीतिबारे बुझ्नु आवश्यक भएको बताउनुभयो ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले तालिमबाट प्राप्त ज्ञान र सीपलाई संस्थाको प्रगतिका लागि उपयोग गर्नुपर्नेमा जोड दिँदै संस्थाको कर्मचारीको वृत्ति विकासका लागि सरकारले बाध्यात्मक कानुन ल्याएको भए पनि संस्थाले वार्षिक रूपमा कर्मचारी लक्षित विभिन्न कार्यक्रम गरिरहेको बताउनुभयो ।

उहाँले कर्मचारीको जोश र जाँगरलाई उत्प्रेरणा र खुराकका रूपमा प्रयोग गर्न तालिमको महत्त्व रहेको स्पष्ट पार्दै तालिमले व्यवस्थापनमा सहजता ल्याउने र कर्मचारीमा ऊर्जा थप्ने बताउनुभयो । आफ्नो कर्मथलोलाई आस्था र विश्वासको केन्द्र बनाउनुपर्ने औँल्याउँदै उहाँले दृढ इच्छाशक्ति नै सफलताको प्रस्थान बिन्दु भएको स्मरण गराउनुभयो । उहाँले उत्पादित सेवालाई हरेक सदस्यसम्म वितरण गर्नुपर्नेमा जोड दिनुभयो ।

तालिमका प्रशिक्षक डा. ताराप्रसाद गिरीले हरेक संस्थाका कर्मचारीले आफूलाई अरुभन्दा फरक शैली र स्मार्ट बनाए मात्र संस्थाको प्रगति हुने बताउनुभयो । आफू आफैसँग विश्वस्त नभएसम्म अरुलाई विश्वस्त बनाउन नसक्ने उल्लेख गर्दै उहाँले आफ्नो सोचलाई सकारात्मक रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो । सिकाइ प्रक्रिया कहिल्यै अन्त नहुने विचार व्यक्त गर्दै महत्त्वपूर्ण व्यक्तिले निरन्तर सिकिराख्ने उहाँको भनाइ छ ।

समय र परिस्थितिअनुसार आफूलाई सधैँ अद्यावधिक गर्दै लानुपर्नेमा जोड दिँदै उहाँले आफूलाई परिवर्तन गर्न सकेमात्र नयाँ पुस्तासँग प्रतिस्पर्धा गर्न सक्ने बताउनुभयो ।

सहजकर्ता प्रशिक्षक राधिका अधिकारीले समृद्ध सहकारीका लागि प्रभावकारी नेतृत्व नै आवश्यक हुने बताउँदै कर्मचारीसँग प्रभावकारी, तार्किक र बौद्धिक प्रस्तुति गर्ने खुबीको विकास हुनुपर्नेमा जोड दिनुभयो ।

सकारात्मक सोच र दृढ आत्मविश्वास नै नेतृत्वको पहिलो खुड्किलो भएको प्रस्ट पार्दै उहाँले चरित्र, क्षमता र निरन्तरताको संयोजन नै विश्वास रहेको बताउनुभयो । समयको पालना र योजनाले मान्छेलाई अग्रपङ्क्तिमा ल्याउने उहाँको कथन छ ।

संस्थाका अध्यक्ष प्रजापतिले अतिथि प्रशिक्षकहरूलाई मायाको चिनो प्रदान र प्रशिक्षार्थी २३ जना कर्मचारीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा ऋण अधिकृत अञ्जना छुस्याबाग, कर्मचारीहरू रामप्रसाद बाग, सुभद्रा बोहजुलगायतले बोल्नुभएको थियो ।

# शारदामा कक्षा ११ का विद्यार्थीहरूको अभिमुखीकरण

भक्तपुर, २४ जेठ । शारदा माध्यमिक विद्यालय यालाछेँ, भक्तपुरमा यस वर्ष कक्षा ११ मा भर्ना हुन आएका नयाँ विद्यार्थीका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दामोदर सुवालले हरेक विद्यार्थीले आफ्नो अध्ययनलाई प्राथमिकता दिएर अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउँदै शिक्षालाई अर्थसँग दाँज्ने गल्ति कसैले गर्न नहुने धारणा राख्नुभयो ।

इमानदारिता, सिकाइमा उत्सुकता र लगनशीलताले विद्यार्थीलाई सफलता पाउन मद्दत गर्ने बताउँदै अतिथि सुवालले हिजोआज अधिकांश विद्यार्थीले प्रविधिलाई आफ्नो अध्ययनसँग जोड्न सके सफलता पाउने विचार व्यक्त गर्नुभयो । प्रविधिको प्रयोग आजको समयमा अनिवार्य जस्तो भए तापनि प्रयोगकर्ताको अनुकूलतामा प्रविधिको प्रयोग वान्छनीय भएको विचार व्यक्त गर्दै उहाँले प्रविधिले मानिसलाई दोहोऱ्याउने दिन आउन नहुने धारणा राख्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् शिक्षाप्रेमी हिमालयश्वरलाल मूलले अधिकांश अभिभावकहरूको आर्थिक स्तर कमजोर भएको र कमजोर आर्थिकस्तरका विद्यार्थीहरू पढाइबाट बन्चित हुन नपरोस् भन्ने अभिप्रायले कम शुल्कमा गुणस्तरीय शिक्षा दिनु विद्यालयको ध्येय भएको बताउनुभयो । उहाँले विद्यार्थीले आफूले कक्षामा पढ्ने किताबलाई मात्रै सबथोक मान्ने भूल गर्न नहुने विचार व्यक्त गर्दै विद्यालयको पुस्तकालयलाई अधिकतम सदुपयोग गर्ने र अन्य सहयोगी पुस्तक पढ्ने बानीले विद्यार्थीको मनोबल उच्च हुँदै जानुका साथै पठन पाठनमा अगाडि बढ्ने बताउनुभयो ।

कार्यक्रममा सभापति विद्यालयका प्रधानाध्यापक रोशनराज तुइतुईले पढाइ निरन्तर अगाडि बढ्ने प्रक्रिया भएको हुनाले यसलाई हरेकले अनुशासित रूपमा ग्रहण गर्नुपर्ने बताउँदै विद्यालयले विद्यार्थीहरूका लागि निर्दिष्ट गरिएका अनुशासनलाई पालना गर्न उत्साहित बनाउनुभयो ।

अभिमुखीकरण कार्यक्रममा विद्यालयका विषय शिक्षकहरू विनोद आगञ्जा, गणेशकुमार श्रेष्ठ, राकेश राजचल, रवीन्द्र न्हेमाफुकी, सुन्दर राजचल, मञ्जु लाखा, मञ्जु लागे, रीना कोजु, प्रभा तुइतुई, विनय कोजुलगायतले आ-आफ्नो विषयको महत्त्वबारे विद्यार्थीहरूलाई अभिमुखीकरण गर्नुभएको थियो ।

# हिमाली र पहाडी भागमा वर्षाको सम्भावना, तराईमा तापक्रम बढ्ने

काठमाडौँ, २४ जेठ । देशको उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्यून चापीय रेखा (ट्रफ) तथा स्थानीय वायुको आंशिक प्रभाव रहेकाले विभिन्न क्षेत्रमा बदली तथा वर्षाको सम्भावना छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशसहित देशका अधिकांश हिमाली तथा पहाडी भागमा साधारणतया बदली रहेको छ भने तराईमा आंशिक बदली भएको छ । वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षा भइरहेको छ ।

आज दिउँसो कोसी प्रदेशसहित देशका हिमाली भागमा साधारणतया बदली रहने तथा मधेस प्रदेशसहित बाँकी पहाडी भागमा आंशिक बदली रहने महाशाखाले जनाएको छ । बाँकी तराईका भागमा भने मुख्यतया मौसम सफा रहने अनुमान गरिएको छ ।

कोसी प्रदेशका केही स्थान तथा वाग्मती र गण्डकी प्रदेशका हिमाली र पहाडी भागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यमसम्म वर्षा हुने सम्भावना रहेको छ । साथै मधेस प्रदेशसहित बाँकी हिमाली भागका एकदुई स्थानमा वर्षा तथा हिमपात हुन सक्ने जनाइएको छ ।

महाशाखाका अनुसार मधेस, वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भागका केही स्थानमा अनपेक्षित रूपमा तापक्रम बढ्ने सम्भावना छ ।

त्यसैगरी, आइतबार राति कोसी प्रदेशसहित देशका हिमाली भागमा साधारणतया बदली रहने तथा मधेस प्रदेश र बाँकी पहाडी भागमा आंशिक बदली रहनेछ । तराईका अधिकांश भागमा मौसम मुख्यतया सफा रहने अनुमान गरिएको छ ।

कोसी प्रदेशका केही तथा मधेससहित वाग्मती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षा वा हिमपात हुन सक्ने महाशाखाले जनाएको छ ।

साथै मधेस, वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थानमा तापक्रम अधिक हुने सम्भावना भएकाले आवश्यक सतर्कता अपनाउन तथा महाशाखाबाट जारी हुने मौसमसम्बन्धी अद्यावधिक सूचनामा ध्यान दिन सम्बद्ध सबैमा अनुरोध गरिएको छ । ***(रासस)***

सङ्क्षिप्त समाचार

## खडेरीले धानको ब्याड सुक्न थालेपछि किसान चिन्तित

गाईघाट (उदयपुर), २४ जेठ । जेठको पहिलो हप्तादेखि अत्यधिक गर्मीसँगै सुक्खा खडेरी सुरु भएकाले असार साउनमा रोपाइँका लागि किसानले राखेको धानको ब्याड सुक्न थालेपछि उदयपुरका किसान चिन्तित बनेका छन् ।

जिल्लाको त्रियुगा तथा चौदण्डी नगरपालिका क्षेत्रका किसानले रोपाइँ गर्न राखेको धानको ब्याड सुक्न थालेको छ । अति बढी तातो र खडेरीले धानको ब्याड चिराससमेत पर्न थालेको किसान बताउँछन् । ब्याडमा धानको बीउ उम्रन नसक्ने अवस्था आएकामा आफूहरू चिन्तित बनेको त्रियुगा नगरपालिका-१ जोगीदहका किसान मोहनदेव चौधरी बताउनुहुन्छ ।

त्रियुगा नगरपालिका-१३ पोर्ताहका किसान प्रेमप्रसाद दाहाल भनुहुन्छ, "जेठ १ गते नै असार साउनमा रोपाइँका लागि धानको ब्याड राखेको, तर खडेरी बढेसँगै ब्याड नै चिरा पर्दै जान थालेका कारण धानको बीउ उम्रन नसक्ने अवस्था छ । कतै धानको बीउकै कारण असार अन्तिमदेखि साउनमा रोपाइँ गर्न समस्या हुने हो कि भन्ने चिन्ता लागेको छ ।"

त्रिनपा-३ भुल्केको दयानाथ भट्टराईका अनुसार जेठको सुरु हप्तादेखि नै बढी गर्मीसँगै तातो र सुक्खा खडेरीले ब्याड नै चिरा पर्न थालेकाले यसपटक धानको बीउ उत्पादन गर्न समस्या हुने र समयमा रोपाइँ गर्न नसकिने हो कि भन्ने चिन्ता लाग्न बताउनुहुन्छ ।

भुल्के क्षेत्रमा मात्र झण्डै डेढ सयभन्दा बढी धानको ब्याड रहेको र अधिकांश सुक्खाले ब्याडमा चिरा पर्न थालेकाले बिउ उम्रन समस्या देखिएको अर्का किसान कृष्णप्रसाद फुँयाल बताउनुहुन्छ ।

यस्तै चौदण्डीगढी नगरपालिका-९ ज्यमिरेका कृषक धनपति पौडेलका अनुसार उदयपुरमा असारको तेस्रो हप्तादेखि साउनको तेस्रो हप्तासम्म रोपाइँ हुने गरेको छ । अधिकांश किसानले धानको ब्याड भने वैशाखको अन्तिम हप्तादेखि जेठको पहिलो हप्ताभित्र राख्ने गरेका छन् । *(रासस)*

## अवरुद्ध दिक्तेल-चखेवाभञ्ज्याङ सडक सञ्चालनमा

खोटाङ, २४ जेठ । बाढीका कारण अवरुद्ध दिक्तेल-चखेवाभञ्ज्याङ सडक सञ्चालनमा आएको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-८ बुवालुङस्थित पड्खुखोलामा आएको भीषण बाढीले उक्त सडक अवरुद्ध बनेको थियो ।

मध्यपहाडी लोकमार्गमा पर्ने दिक्तेल-चखेवाभञ्ज्याङ सडक यही जेठ २२ गते वर्षापछि आएको भीषण बाढीले अवरुद्ध बनेको थियो । उक्त सडक दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नेपाली सेनाको रणभीम गण मुडे ब्यारेक, जिल्ला प्रहरी कार्यालय खोटाङ र स्थानीयवासीले सञ्चालनमा ल्याएका हुन् ।

पड्खुखोलामा आएको बाढीले अवरुद्ध सडक खुलेपछि भोजपुरबाट दिक्तेल हुँदै काठमाडौँ र काठमाडौँबाट दिक्तेल हुँदै भोजपुरतर्फ जाने बस, जिप, मोटरसाइकललगायत सवारीसाधन सञ्चालनमा आएका जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक निराजन बस्नेतले जानकारी दिनुभयो ।

पड्खुखोलाभन्दा माथिबाट आएको लेदोसहितको बाढीले करिब २५ मिटर सडक अवरुद्ध बनाएको थियो । पड्खुखोलामा २०७३ सालमै मोटरेबल पक्की पुल निर्माण गरेर सञ्चालनमा ल्याउनेगरी निर्माण कम्पनीले काम थालेको थियो । कालोपत्रको काम सम्पन्न भएको लामो समयसम्म पनि ठेकेदारको लापरवाहीका कारण पुल निर्माण नहुँदा खोलाबाटै यातायातका सवारीसाधन वारपार गर्नुपर्ने बाध्यता छ । *(रासस)*



**तेह्रथुम र पाँचथर जोड्ने निर्माणाधीन लुमुघाट पुल**

तेह्रथुम र पाँचथर जोड्ने तमोर नदीमा निर्माणाधीन लुमुघाट मोटरेबल पुल । १३ वर्षअघि निर्माण सुरु भएको पुल अझै निर्माण सम्पन्न हुन सकेको छैन ।
*तस्बिर : ववित राई/रासस*

## आइतबार विश्व खाद्य सुरक्षा दिवस : दूषित खाद्यवस्तुका कारण बर्सेनि ६० करोड मानिस बिरामी

काठमाडौँ, २४ जेठ । दूषित खाद्यवस्तुका कारण विश्वभर हरेक वर्ष करिब ६० करोड मानिस बिरामी पर्ने गरेको तथ्याङ्क सार्वजनिक भएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का अनुसार खाद्यजन्य रोगका कारण वार्षिक करिब चार लाख २० हजार जनाको मृत्यु हुने गरेको छ ।

यही सन्दर्भमा सुरक्षित खाद्यवस्तुको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्न आइतबार विश्वका विभिन्न भागमा विविध कार्यक्रमका साथ विश्व खाद्य सुरक्षा दिवस मनाइँदै छ ।

संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् २०१८ मा एक प्रस्ताव पारित गर्दै जुन ७ लाई विश्व खाद्य सुरक्षा दिवसका रूपमा घोषणा गरेअनुरूप सन् २०१९ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो । दिवसको प्रवर्द्धन तथा समन्वय विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले संयुक्त रूपमा गर्दै आएका छन् ।

पर्याप्त मात्रामा सुरक्षित र पोषणयुक्त खाद्यवस्तुमा पहुँच मानव जीवन, स्वास्थ्य र समग्र कल्याणका लागि अपरिहार्य मानिन्छ । दूषित खाना वा पानीमार्फत शरीरमा प्रवेश गर्ने ब्याक्टेरिया, भाइरस, परजीवी तथा रासायनिक पदार्थका कारण विभिन्न खाद्यजन्य रोग फैलिने गर्छन् । यस्ता जोखिमहरू प्रायः नाङ्गो आँखाले देख्न नसकिने भएकाले खाद्य सुरक्षालाई अझ चुनौतीपूर्ण विषयका रूपमा हेरिएको छ ।

डब्ल्युएचओका अनुसार पाँच वर्षमुनिका बालबालिकाले खाद्यजन्य रोगको कुल भारको करिब ४० प्रतिशत हिस्सा वहन गर्छन् । यस्ता रोगका कारण हरेक वर्ष करिब एक लाख २५ हजार बालबालिकाको मृत्यु हुने गरेको छ । खाद्यजन्य रोगले विशेषगरी महिला, बालबालिका, द्वन्द्व प्रभावित समुदाय, आप्रवासी तथा अन्य कमजोर वर्गलाई असमान रूपमा प्रभावित गर्ने गरेको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार खाद्य सुरक्षा उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण खाद्य शृङ्खलासँग सम्बन्धित विषय हो । खाद्यवस्तुको उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण, तयारी तथा उपभोगका हरेक चरणमा सुरक्षा मापदण्ड पालना गरिएमा खाद्यजन्य रोगको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ ।

यो दिवसका अवसरमा खाद्य सुरक्षालाई प्रभावकारी नियमन प्रणाली, स्वच्छ खानेपानीमा पहुँच, असल कृषि अभ्यास, खाद्य सुरक्षा व्यवस्थापन प्रणाली तथा उपभोक्ता सचेतनासँग जोडेर हेरिनुपर्नेमा जोड दिइएको छ । सरकार, उत्पादक, व्यवसायी, वैज्ञानिक, नागरिक समाज र उपभोक्ताको साझा प्रयासबाट मात्र सुरक्षित खाद्यवस्तुको सुनिश्चितता गर्न सकिने विज्ञहरूको भनाइ छ ।

'खाद्य सुरक्षा सबैको जिम्मेवारी' भन्ने सन्देशका साथ मनाइने यस दिवसले खाद्य सुरक्षा, जनस्वास्थ्य, कृषि, व्यापार, पर्यटन र दिगो विकासबिचको अन्तरसम्बन्धलाई उजागर गर्दै सुरक्षित खाद्यवस्तुको सुनिश्चितताका लागि सबै पक्षलाई सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरेको छ । *(रासस)*

## बाथरोगबाट बच्न सचेतना र शीघ्र उपचारमा जोड

काठमाडौँ, २४ जेठ । बाथरोगको रोकथाम तथा रोग लागेमा प्रारम्भिक चरणमै उपचार गरेर स्वास्थ्यलाभ गर्न सकिने भएकाले यससम्बन्धी चेतना अझ व्यापक बनाउनुपर्नेमा जोड दिइएको छ ।

नेशनल बाथरोग सेन्टरको १३ औँ वार्षिकोत्सवका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा बाथरोग सुरुकै चरणमा पहिचान गरी उपचार गरेमा सहज रूपमा निको हुने, तर ढिलो गरी उपचार गर्दा मिर्गौला र फोक्सोलगायत महत्त्वपूर्ण अङ्गमा असर पुग्ने तथा उपचार खर्चसमेत महँगो हुने भएकाले जनचेतना अभिवृद्धि आवश्यक रहेको वक्ताहरूले बताएका हुन् ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति तथा पूर्व राजदूत केदारभक्त माथेमाले जीवनको गुणस्तर सुधार गर्न बाथरोगलगायत विभिन्न रोगबारे पर्याप्त जनचेतना फैलाउन आवश्यक रहेको बताउनुभयो । युवा अवस्थामै रोग प्रतिरोधात्मक क्षमता कमजोर हुँदै गएको वर्तमान अवस्थामा स्वस्थ जीवनका लागि जनस्वास्थ्यसम्बन्धी सचेतना अझ प्रभावकारी ढङ्गले विस्तार गर्नुपर्ने उहाँको भनाइ थियो ।

सेन्टरका अध्यक्ष डा. विनीत वैद्यले बाथरोग 'मुसा बनेर छिर्ने र हात्ती बनेर निस्कने' रोग भएकाले लक्षण देखिनासाथ उपचार सुरु गर्नुपर्ने बताउनुभयो । सेन्टरले अनुसन्धान, शिक्षा तथा स्वास्थ्य सेवा प्रवाहका क्षेत्रमा काम गरिरहेको उहाँले जानकारी दिनुभयो । वार्षिकोत्सवकै अवसरमा सेन्टरले आइतबारदेखि 'ग्युमा फ्युजन नेटवर्क' को घोषणा पनि गरेको छ ।

सेन्टरका प्रबन्ध निर्देशक डा. रोशन कक्षपतिले अध्यक्ष वैद्यको नेतृत्वमा गरिएको अनुसन्धानले बाथरोग प्रारम्भिक अवस्थामै पहिचान गर्न सकिने पुष्टि गरेको बताउनुभयो । बाथरोगबारे आमसञ्चार माध्यम तथा सम्बन्धित निकायमार्फत अझ व्यापक जनचेतना फैलाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा कुटुम्ब ब्याण्डका पवित महर्जनले बाथरोगसम्बन्धी जनचेतना अभिवृद्धिका लागि ब्याण्डको तर्फबाट सहयोग भइरहेको र आगामी दिनमा पनि निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा सेन्टरका पोखरा शाखा प्रमुख डा. कृष्ण ढकाल, मानव संसाधन विभागकी पवित्रा कार्कीलगायत वक्ताले बाथरोगबाट आम नेपालीलाई जोगाउन जनचेतना नै सबैभन्दा प्रभावकारी माध्यम भएको बताउनुभयो । कार्यक्रममा सेन्टरमा दीर्घ सेवा गरेका कर्मचारी तथा व्यक्तित्वलाई सम्मान गरिएको थियो । *(रासस)*

## पोखरी निर्माणपछि सिक्रेटारको १५ सय रोपनी सुक्खा क्षेत्रमा सिँचाइ

भोजपुर, २४ जेठ । पोखरी निर्माणपछि अरुण गाउँपालिका-७ सिक्रेटारको यहाँको सुक्खाग्रस्त क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको छ । पानीको अभावका कारण वर्षौँदेखि खेतीयोग्य जमिन बाँझै रहने समस्या समाधान गर्ने उद्देश्यसहित स्थानीय तहले पोखरी निर्माणको काम अघि बढाएको थियो ।

वडाध्यक्ष कुमार थापाले बर्सेनि खडेरीका कारण कृषि उत्पादनमा गिरावट आउन थालेपछि योजनाबद्ध सिँचाइ पोखरी निर्माण गरिएको बताउनुभयो । हालसम्म यहाँ छ वटा पोखरी निर्माण गरिएका र त्यसबाट सिक्रेटार क्षेत्रका करिब एक हजार ५०० रोपनी जमिनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सिँचाइ सुविधा विस्तार भएको उहाँले जानकारी दिनुभयो ।

वडाध्यक्ष थापाले भन्नुभयो, "सुक्खा क्षेत्रमा पानीको दिगो व्यवस्थापन नगरी कृषि विकास सम्भव हुँदैन । त्यसैले मुहानसहितका ठूला पोखरी निर्माण गरेका छौँ । यस कार्यले किसानलाई केही राहत भएको छ ।"

उहाँका अनुसार निर्माण गरिएका पोखरीलाई सिँचाइमा मात्र सीमित नराखी बहुउपयोगी बनाइएको छ । आगलागीजस्ता विपद्का समयमा पानीको स्रोतका रूपमा प्रयोग गर्न सकिने गरी संरचना तयार गरिएको छ । साथै, पोखरीबाट खेतबारीसम्म पानी पुऱ्याउन वडाले पाइप वितरण गर्दै आएको छ । यसले किसानलाई सिँचाइ पहुँचमा सहज बनाएको छ ।

"पोखरी निर्माण अभियानलाई बहुआयामिक विकाससँग जोडेर अगाडि बढाइएको छ । पोखरी वरपरका क्षेत्र संरक्षण गर्दै वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको छ । भविष्यमा यी क्षेत्रलाई पर्यटकीय तथा मनोरञ्जन स्थलका रूपमा विकास गर्ने योजना छ", वडाध्यक्ष थापाले भन्नुभयो ।

वडासचिव अशोक अधिकारीले यहाँको मैदानेमा दुई, दुङ्गेमा एक, सिक्रेटारमा एक र बेलटारमा दुई वटा पोखरी निर्माण सम्पन्न भएको बताउनुभयो । यसबाहेक थप दुई वटा पोखरी निर्माणाधीन अवस्थामा रहेका उहाँले जानकारी दिनुभयो ।

विशेषगरी हिउँदे बाली उत्पादनमा यसले प्रत्यक्ष प्रभाव पारेको छ । हाल यहाँका किसान बदाम, फलफूल तथा तरकारी, आलु, प्याज, टमाटरलगायत नगदेबालीतर्फ आकर्षित हुन थालेका छन् । स्थानीय प्रदीप थापाले पोखरी निर्माणसँगै गाउँको कृषि प्रणालीमा परिवर्तन आएको बताउनुभयो । "पहिले पानीको अभावले धेरै जमिन बाँझो रहन्थ्यो", उहाँले भन्नुभयो, "हाल वर्षभरि नै खेती गर्न सकिने अवस्था बनेको छ । तरकारीखेती गर्नसमेत सहज भएको छ ।"

यसका साथै, पोखरी निर्माणले भू-क्षय नियन्त्रण, वातावरण संरक्षण र जैविक विविधता जोगाउन पनि सहयोग पुग्ने स्थानीय अम्बर थापाको विश्वास छ । सिँचाइ पोखरीले पानीको समस्या समाधान मात्र नभई कृषकको आयआर्जन वृद्धि, वातावरण संरक्षण तथा सम्भावित पर्यटन विकासका लागि नयाँ आधार तयार पारेको उहाँले बताउनुभयो । *(रासस)*

।सम्पादकीय।

# सार्वभौम देश विदेशी शक्तिको अगाडि नझुक्ने

हरेक स्वाधीन देश सार्वभौम सम्पन्न हुनुपर्छ । सार्वभौमिकताको अर्थ भित्री वा बाहिरी शक्तिको अगाडि झुक्न नपर्ने हो । सरकारका नेता र मन्त्रीहरू दूरदर्शी नहुँदा या स-साना योजना र पैसाको प्रलोभनमा फसेर देशको सार्वभौमिकतामा आँच पुग्छ । सार्वभौमिकता कमजोर भएपछि या आफ्नो कुनै दृढ अडान भएन, नेपाल र नेपालीभन्दा अरू देशका शासकलाई भरोसा ठान्यो भने देशले धेरै गुमाएको पाइन्छ । ठुलो दलको नाउँमा शासक दलका नेता र मन्त्रीहरूले गरेका असमान सन्धि सम्झौताले नेपाली भूमि छोड्नु परेको, देशको स्रोत र साधन विदेशीलाई सुम्पिनु परेको धेरै दृष्टान्त छन् । देशका शासकहरू दूरदर्शी, देशभक्त, इमान हुनुपर्छ त्यसै भनिएको होइन । शासकहरू दूरदर्शी, देशभक्त र देश तथा जनताप्रति जिम्मेवार बोध नभएकै कारण देश पराधीन अवस्थामा रहेको हो; देशलाई विकासको उचाइमा पुऱ्याएर जनताको जीवनस्तर उठाउन नसकेको हो ।

लोभी, पापी, स्वार्थी, विदेशी पैसा र सहुलियतमा बिक्ने तथा विदेशीका भाडाका टट्टुहरूले देशलाई जोगाउनेतर्फ नलाग्दा देश साँगुरिँदै गएको हो । सत्तारूढ दलका नेता र मन्त्रीहरू स्वार्थमा भुलेको र ठुलठुलो उद्देश्य छोडेर स-साना स्वार्थमा फसेकाले देशले विकासमा काँचुली फेर्न नसकेको हो । कुनै सत्तारूढ दलका नेता र मन्त्रीहरू विदेश भ्रमणमा गएर सहमति गर्नुको अर्थ विदेशी शक्ति राष्ट्रसामु झुक्न होइन । जेठ २४ गतेको विभिन्न पत्रिकामा 'नयाँ ढङ्गले आगामी साझेदारीको यात्रा', 'नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय बैठकमा तीन सहमति', 'खनाल-जयशङ्करबिच द्विपक्षीय वार्ता: अझ गहिरो सहकार्य आवश्यक रहेको सन्देश', 'परम्परागत मित्रतामा मात्रै सीमित नराखौं' शीर्षकका विभिन्न समाचारहरू छापिए ।

नयाँ सरकारको नेतृत्वमा नेपालले भारतसँगको सम्बन्धलाई उद्देश्यपूर्ण र अझ उच्च सम्मानका साथ अघि बढाउने प्रतिबद्धता भनेको के हो ? स्पष्ट हुनुपर्छ । प्रतिप्रश्न उठेको छ, दुई देशबिचको सीमा विवादबारे के वार्ता भयो ? नेपाल-भारत सिमानामा भारतीय पक्षले बाँध तथा तटबन्ध बनाउँदा डुबानमा परेको नेपाली भूमिको निकासबारे वार्तामा कुरा उठाएको छ कि छैन ? दुई देशका सबै विद्यमान संयन्त्र सक्रिय पार्ने भनेको के हो ? यी यावत् विषयमा सरकार चनाखो हुनुपर्छ । दुई देशबिच आपसी हितमा वार्ता भयो, सहमति भयो भन्ने कुरा सञ्चार माध्यममा आएको हुन्छ । तर, सहमतिको भित्री रहस्य अर्कै हुन्छ । यस्तो सवालमा सत्तारूढ दलका नेता र मन्त्रीहरू चनाखो हुनुपर्छ । दुई देशबिचको साझेदारीलाई नयाँ उचाइमा पुऱ्याउने भनेको के हो ? भारतको स्वार्थअनुसार हुने सम्झौता र सहमतिमा नेपाल र नेपालीको कसरी हित हुन्छ ? सीमा विवाद अहिलेको होइन; पुस्तौँ पुस्ता भइसक्यो । तर, सीमा विवादबारे वार्ता हुँदा द्विपक्षीय संवादबाटै समाधान खोज्ने धारणा जहिल्यै दोहोरिएको हुन्छ । हरेक पटकको वार्ता यसरी नै टुङ्गिएको हुन्छ ।

सरकारी मन्त्रीहरू फुक्छन्, भारत नेपालको सबैभन्दा महत्त्वपूर्ण र निकट साझेदार राष्ट्र हो । तर, भारत नेपाली भूमि मिच्न छोड्दैन र सन्धि सम्झौता गरेरै नेपालका स्रोत र साधन हातमा लिन चाहन्थ्यो । भारत नेपाललाई आफ्नो अधीनमा राख्न चाहन्थ्यो । विकास, समृद्धि र क्षेत्रीय साझेदारीको नाउँमा असमान सन्धि-सम्झौता गरेर विदेशीको स्वार्थ पूरा गर्ने समझदारीले नेपाल र नेपालीको हित हुनेछैन । यस्तै असमान सन्धि-सम्झौताले नै शासक दलका नेता, मन्त्रीहरू बदनाम भए । यही कारण विगतमा शासक दलहरूप्रति जनताको विश्वास गुमेको हो; जनतामा निराशा छाएको हो । हरेक निर्वाचनमा शासक दलहरूको मतमा व्यापक हेरफेर हुनुको कारण जनताको विश्वास जित्न नसक्नु हो । यसमा नेताहरूको दलगत र व्यक्तिगत स्वार्थले पनि प्रभाव पारेको छ । पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउने नेता र मन्त्रीहरूको चाहनाले देश बन्दैन; देशको विकास उचाइमा पुग्दैन । 'ललिता निवास, नक्कली भुटानी शरणार्थी, सुन काण्डजस्ता अपराधहरूमा शासक दलका नेता र मन्त्रीहरू कसरी फसे ? यसले प्रजातान्त्रिक एवं गणतान्त्रिक रानजीतिक दलहरूको इज्जत र प्रतिष्ठामा आघात पुग्नु स्वाभाविक हो । विगतमा दलहरूको सत्ताको भागबन्डा र हानथापकै कारण देशको स्थिति बिग्रिएको हो ।

सारमा, अहिलेसम्म सरकारमा पुगेका शासक दलका नेताहरू जुनसुकै पार्टीका भए पनि पुँजीवादी पार्टीहरू नै हुन्; पुँजीवादी व्यवस्थाको पृष्ठपोषण गर्ने नेताहरू नै हुन् । शासक दलका नेता, मन्त्री र सांसदहरूमा जोश जाँगर भए पनि विचारमै खोट देखियो भने त्यो सरकारले देशको मुहार फेर्न सक्दैन । कुन दल ठुलो र सानोको होइन; महत्त्वपूर्ण कुरा सिद्धान्त र विचार नै हो । श्रमजीवीवर्गको प्रतिनिधित्व गर्ने दलको सिद्धान्त र विचार भयो भने सिद्धान्त र विचारलाई व्यवहारमा लागू गर्ने, लागू गर्न अघि बढ्ने सरकारले मात्रै साँच्चै बहुमत जनताको सेवा गर्नसक्छ ।

# देशविरोधी अभिव्यक्तिको नेमकिपा विरोध गर्छ



सुरेन्द्रराज गोसाई

जेठ १७ गते प्रतिनिधिसभामा प्रधानमन्त्रीजीले '.....नेपालले भारतको जमिन मिचेको छ.....' भनी दिएको अभिव्यक्ति आपत्तिजनक र देशविरूद्ध छ । तीन करोड नेपालीहरूको भावनाविपरीत छ । त्यसको विरूद्धमा स्वाभिमानी नेपाली अहिले आवाज उठाउँदै छन् । यस गरिमामय सदनबाट पनि नेपाल मजदुर किसान पार्टीको तर्फबाट हामी कडा शब्दमा विरोध गर्दछौं ।

भारतीय विस्तारवादले निरन्तर नेपाल र नेपाली जनताको स्वाभिमान र हाम्रो सम्प्रभुतामाथि हाँक दिँदै आइरहेको जगजाहेर छ । ६० हजार हेक्टरभन्दा बढ्ता जमिन मिच्ने भारतीय विस्तारवाद नै हो । ७१ भन्दा बढ्ता ठाउँमा जमिन मिच्ने पनि भारतीय विस्तारवाद नै हो । भारतीय विस्तारवादले नेपाली भूमि कालापानीमा सेना राखिरहेको आज पाँच दशक नाघिसकेको छ । यति स्पष्ट हुँदाहुँदै देशको जिम्मेवार पदमा रहेको व्यक्तिबाट यस्तो आपत्तिजनक अभिव्यक्ति आउनु निश्चय पनि राष्ट्रिय लज्जाको विषय हो । त्यसको हामी घोर निन्दा तथा भर्त्सना गर्दछौं । त्यो अभिव्यक्ति अविलम्ब फिर्ता लिन हामी माग गर्दछौं ।

संसारको इतिहासले प्रस्ट पार्दछ कि नेपालले आजसम्म कुनै पनि देशमाथि हस्तक्षेप र हमला गरेकै छैन । कुनै देशमाथि थिचोमिचो गरेको छैन । नेपालले सहअस्तित्वको बाटो, शान्तिको बाटो, समन्वयको बाटोलाई पछ्याइरहेको इतिहासले बताउँछ । त्यसको ठीकविपरीत देशकै जिम्मेवार व्यक्तिबाट 'हामीले भारतको जमीन मिचेका छौं' भन्ने गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति आउनु यो लज्जाको विषय, यो त विश्वासघात हो । यस्तो देशघात निश्चय पनि सह्य हुन सक्दैन । नेपाल मजदुर किसान पार्टीले आजभन्दा ५ दशक अगाडिदेखि नै अर्थात् २०२५ सालदेखि नै नवलपरासी जिल्लाको सुस्तामाथि भारतीय विस्तारवादले गरेको अतिक्रमणको विरोध गर्दै आएको हो । नेपाली जनताको भावनाबमोजिम देशभक्तिपूर्ण आन्दोलन र भारतीय विस्तारवादविरोधी आन्दोलनको नेतृत्व गर्दै छ । नेपाली जनतासँग मिलेर देशको पक्षमा सङ्घर्षलाई निरन्तर अगाडि बढाउँदै छ ।

हिजै मात्र फेरि पनि सुस्तामा नेपालले आफ्नै भूमिमा बनाइरहेको तटबन्ध निर्माण कार्यमा भारतीय फौज आएर रोकेको खबर सुन्यौं । भारतीय विस्तारवादको त्यस हस्तक्षेपको यो सदनबाट पनि हामी विरोध गर्दछौं । त्यस्तो हस्तक्षेपकारी कार्यको नेपाली जनताको तर्फबाट विरोध एवम् भर्त्सना गर्दछौं ।

२०२५ सालमा नेपाल मजदुर किसान पार्टीले सुस्तामा भएको हस्तक्षेपको विरूद्धमा आवाज बुलन्द गर्दा कैयौं नेता, कार्यकर्ता जेलमा पुगेको इतिहासबाट थाहा हुन्छ । त्यस्ता खालका प्रमाणहरू हुँदाहुँदै नेपालकै दोष र कमजोरी छ भनेर देशको जिम्मेवार व्यक्तिबाट आइरहेको अभिव्यक्तिको जति निन्दा गरे पनि अपुग नै हुनेछ ।

यतिखेर हिजो सुगौली सन्धिमा हस्ताक्षर गर्ने चन्द्रशेखर उपाध्याय र गजराज मिश्रका सन्तानहरू को-को हुन्, कहाँ-कहाँ छन्, हाल कुन-कुन जिम्मेवारीमा छन् ? अब खोतलखातल गर्नुपर्ने अवस्था छ । तिनीहरूलाई उदाङ्ग्याउनुपर्ने अवस्था छ । हिजो भीमसेन थापाविरूद्ध षड्यन्त्र गर्नेहरू, भीमसेन थापाको विरोधमा लाग्ने व्यक्तिका सन्तानहरू यतिखेर कुन-कुन ठाउँमा छन्, कुन जिम्मेवारीमा छन् त्यो पनि खोतल्नुपर्ने अहिलेको आवश्यकता छ । त्यो नगरिकन देशका शत्रु को हुन्, देशका मित्र को हुन् भनेर चिरफार गर्न अलि गाऱ्हो हुने अवस्था छ । आज सिंहदरबारमा पसिरहेका देशघातीहरूविरूद्ध नेपाली जनताको अभियान आवश्यक छ । यतिखेरको हाम्रो साझा कर्तव्य यही हो । यथार्थमा हाम्रो जमिन मिच्ने भारतीय विस्तारवाद हो । भारतीय विस्तारवादविरूद्ध आवाज बुलन्द गरौं !

भारतीय विस्तारवादले जमिन मात्र मिचेको होइन अनेक हस्तक्षेप गर्दै छ । कैयौं असमान सन्धि–सम्झौताहरू गरिसकेको अवस्था छ । सुगौली सन्धिमा हामी ठगियौं । त्यसपछि कैयौं हाम्रा मुख्य-मुख्य नदीनालाहरू भारतले एक-एक गरेर, असमान सन्धि गर्दै नेपालबाट खोसेको र देशघातीहरूले भारतीय विस्तारवादलाई सुम्पेको जगजाहेर छ । कोसी, गण्डक, महाकाली, कर्णाली यी सम्पूर्ण मुख्य-मुख्य नदीहरू ललाइ-फकाइ र बाध्य पारी भारतीय विस्तारवादले आफ्नो हातमा लियो । ती सम्पूर्ण नदीनालाहरू फिर्ता लिनसकेमात्र नेपालीको स्वाभिमान र नेपालको सम्प्रभुता जोगिनेछ । कालापानीबाट भारतीय सेना अविलम्ब फिर्ता पठाउन आवश्यक छ । त्यसको विरूद्धमा पनि हाम्रो सङ्घर्ष चालू छ ।

भारतीय विस्तारवादले कठपुतलीहरूमार्फत नेपाललाई आत्मसमर्पण गराउन षड्यन्त्र गर्दै छ । नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि भारतीय विस्तारवाद तथा एकाधिकार पुँजीविरुद्ध सङ्घर्षरत छ । नेपालका शासकहरूलाई भारतीय विस्तारवादसामु नझुक्न र देशविरुद्ध गैरजिम्मेवार अभिव्यक्ति नदिन, देशघाती कदम नचाल्न नेपाल मजदुर किसान पार्टीको तर्फबाट सचेत गराउँदछौं ।

***(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले जेठ १९ गते बसेको वाग्मती प्रदेश सभाको बैठकमा विशेष समय लिएर राख्नुभएको विचारको सम्पादित अंश)***

*भारतीय विस्तारवादले जमिन मात्र मिचेको होइन अनेक हस्तक्षेप गर्दै छ । कैयौँ असमान सन्धि–सम्झौताहरू गरिसकेको अवस्था छ । सुगौली सन्धिमा हामी ठगियौँ । त्यसपछि कैयौँ हाम्रा मुख्य-मुख्य नदीनालाहरू भारतले एक-एक गरेर, असमान सन्धि गर्दै नेपालबाट खोसेको र देशघातीहरूले भारतीय विस्तारवादलाई सुम्पेको जगजाहेर छ । कोसी, गण्डक, महाकाली, कर्णाली यी सम्पूर्ण मुख्य-मुख्य नदीहरू ललाइ-फकाइ र बाध्य पारी भारतीय विस्तारवादले आफ्नो हातमा लियो । ती सम्पूर्ण नदीनालाहरू फिर्ता लिनसकेमात्र नेपालीको स्वाभिमान र नेपालको सम्प्रभुता जोगिनेछ ।*

# बालबालिकासँगै अभिभावक पनि अपडेट हुनु किन आवश्यक छ ?

✍ सुजाता ध्वोजु, शिक्षिका

मेरो धेरै वर्षको शैक्षिक यात्रामा हजारौँ बालबालिका र अभिभावकसँग नजिकबाट काम गर्ने अवसर प्राप्त भएको छ । यो अनुभवले मलाई एउटा महत्त्वपूर्ण सत्य सिकाएको छ -बालबालिकाको सफलताका लागि विद्यालय र शिक्षकमात्र पर्याप्त हुँदैनन्, अभिभावक पनि समयअनुसार अपडेट हुन आवश्यक छ ।

आजका बालबालिका हिजोका बालबालिकाजस्ता छैनन् । उनीहरू प्रविधिसँग हुर्किरहेका छन्, विश्वका सूचना केही सेकेन्डमै प्राप्त गरिरहेका छन् र नयाँ सोच तथा चुनौतीहरूसँग दैनिक रूपमा सामना गरिरहेका छन् । तर, कहिलेकाहीँ अभिभावक पुरानै सोच र शैलीमा सीमित रहँदा बालबालिका र अभिभावकबिच दूरी बढ्न सक्छ । बालमनोविज्ञ भन्छ कि बालबालिकालाई केबल खाना, लुगा र विद्यालय व्यवस्थापन गरेर मात्र पुग्दैन । उनीहरूको भावना, रुचि, डर, आवश्यकता, समस्या, इच्छालाई बुझ्नु पनि अति महत्त्वपूर्ण हुन्छ । पहिला बालबालिकाहरू धेरै समय बाहिर खेल्थे, बाहिरी वातावरण समुदायबाट सिक्छन् भने अहिले घरमा बसेर मोबाइल टीभीसँगै धेरै समय बिताउने गरेका छन् । यदि अभिभावकहरू अहिलेका बालबालिका कसरी हुर्किरहेका छन् भने जानकार छैनन् भने बालबालिकालाई सही बाटो देखाउन कठिन हुन्छ ।

मैले देखेको छु, जसका अभिभावकले समयअनुसार सिक्न, बुझ्न र परिवर्तन स्वीकार्न खोज्छन् । ती बालबालिकाहरूमा आत्मविश्वास, अनुशासन र जिम्मेवारीको भावना बढी विकसित हुन्छ । उनीहरू आफ्ना समस्या खुलेर राख्छन् र सही मार्गदर्शन पाउँछन् । अर्कोतर्फ, बालबालिकाको भावना, आवश्यकता र बदलिँदो परिवेशलाई नबुझ्दा अनावश्यक तनाव, आदरभाव र व्यवहारिक समस्या बढ्न सक्छ ।

अपडेट हुनु भनेको केवल प्रविधि चलाउन जान्नु मात्र होइन । बालबालिकाको मनोविज्ञान बुझ्नु, उनीहरूसँग संवाद गर्ने तरिका सिक्नु, सकारात्मक अनुशासन अपनाउनु र उनीहरूको रुचि तथा क्षमतालाई सम्मान गर्नु पनि हो ।

हामीले सधैँ सम्झनुपर्छ - बालबालिकाले हाम्रो कुराभन्दा हाम्रो व्यवहारबाट बढी सिक्छन् । यदि हामी आफैँ सिक्न, परिवर्तन स्वीकार्न र सकारात्मक बन्न तयार छौँ भने बालबालिकाले पनि त्यही बाटो पछ्याउँछन् । जसरी हामी सानो छन्दा ब्लाक एन्ड ह्वाइट टीभी हेर्छौं भने अबको समयमा स्मार्ट टीभीको समय भइसकेको छ ।

त्यसैले, सम्पूर्ण अभिभावकहरूलाई एउटा सन्देश दिन चाहन्छु । आजको युगमा बालबालिकालाई मात्र होइन अभिभावकलाई पनि निरन्तर सिकाइ आवश्यक छ । जब अभिभावक र विद्यालय एउटै लक्ष्यका साथ अघि बढ्छन् तब बालबालिकाको भविष्य अझ उज्ज्वल, सुरक्षित र सफल बन्न सक्छ । अब विद्यालयको लागि राम्रो बालबालिकाभन्दा पनि राम्रो अभिभावक आवश्यक छ ।

"परिवर्तनशील संसारमा बालबालिकालाई अगाडि बढाउन चाहने अभिभावकले पहिले आफूलाई समय अनुकूल बनाउनुपर्छ ।"

# गाजा, इरान, लेबनान : यदि युद्धविराम लागू छ भने बमबारी किन जारी छ ?

✍ मारिएम बाह

*(अन्तर्राष्ट्रिय कानुनले युद्धविरामको लागि नियमहरू तोकेको छ, तर उल्लङ्घन जारी रहँदा कसले लागू गर्छ ?)*

बुधबार, इजरायल र लेबनानले फेरि युद्धविरामको घोषणा गरे। यी दुई देशले पहिले अप्रिल १६ मा नै युद्धविराममा सहमति जनाइसकेका छन्। इरान र संयुक्त राज्य अमेरिकाले अप्रिल ८ देखि औपचारिकरूपमा युद्धविराम गरेका थिए। अनि इजरायल र प्यालेस्टिनी समूह हमासले अक्टोबर १०, २०२५ देखि गाजामा युद्धविराम गरेका थिए।

तैपनि लेबनानमा इजरायलको आक्रमणहरू निरन्तर जारी छ, शुक्रबार दक्षिणी लेबनानको नकूरा र नाबाटीये जिल्लाहरूमा गरिएको आक्रमणमा कम्तीमा एक जनाको मृत्यु भएको छ। इरान र अमेरिकाले आवधिक आक्रमणहरू जारी राखेका छन् जुन पछिल्ला दिनहरूमा तीव्र रूपमा बढेको छ। इरानी सेनाले संयुक्त अरब इमिरेट्स, कुवेत र बहराइनजस्ता खाडी राष्ट्रहरूमा पनि मिसाइल र ड्रोनहरू प्रहार गरेको छ, जसलाई युद्धविरामको समयमा इरानमाथि अमेरिकी आक्रमणहरूलाई सक्षम बनाएको आरोप लगाइएको छ।

इजरायलले प्यालेस्टिनी भूभागमा नरसंहारकारी युद्ध अन्त्य गर्ने उद्देश्यले गरिएको भनिएको युद्धविरामको बाबजुद पनि यस हप्ता एक आवासीय भवनमा नौ जनाको मृत्यु भएको बम हमलासहित बमबारी जारी राखेको छ।

त्यसो भए लडाइँ जारी रहँदा युद्धविराम हुनुको अर्थ के हो ? अन्तर्राष्ट्रिय कानुनले के भन्छ ? अनि किन उल्लङ्घनहरूले विरलै परिणामहरू निम्त्याउँछन् ? हामी बुझ्नको लागि तीन कानुनी विज्ञहरूसँग कुरा गर्यौं :

**युद्धविराम भनेको के हो ?**

सरल भाषामा भन्नुपर्दा, यो वार्ताको लागि ठाउँ सिर्जना गर्न डिजाइन गरिएको लडाइँमा विराम हो, फ्रेजर भ्याली विश्वविद्यालयका फौजदारी न्याय र अपराधशास्त्रका सहायक प्राध्यापक मार्क कर्स्टनले व्याख्या गरे।

"युद्धविराम भनेको प्रभावकारी रूपमा शत्रुताको अन्त्य हो, तर सामान्यतया यसलाई स्थायी रूपमा लिइँदैन," उनले अल जजीरालाई भने।

"यो प्राय: मौलिक रूपमा एक कडा रूपमा लागू हुने कानुनी उपकरणको सट्टा एक राजनीतिक सम्झौता हो," क्यानडाको वेस्टर्न युनिभर्सिटीका एमेरिटस प्रोफेसर माइकल लिङ्कले भने।

शान्ति सन्धिहरूभन्दा फरक, जसमा प्राय: निरीक्षण र कार्यान्वयनको लागि जिम्मेवार ग्यारेन्टरहरू हुन्छन्, युद्धविराम उल्लङ्घन गर्दा तत्काल कानुनी परिणामहरू कम हुन सक्छन्, लिङ्कले अल जजीरालाई भने।

यो विशेषगरी गाजा र लेबनानमा सत्य हो, जहाँ संयुक्त राज्य अमेरिकाले प्रमुख मध्यस्थकर्ता र निरीक्षकको रूपमा काम गरेको छ। केही देशहरूले लेबनानमा इजरायली हमलाको आलोचना गरे पनि, बारम्बार उल्लङ्घनहरूलाई अनुमति दिएकोमा वाशिङटनमाथि थोरै दबाब रहेको, लिङ्क बताउँछन्।

"युद्धविरामको बाबजुद लेबनानमा जारी इजरायली आक्रमण जारी रहेको भन्दै धेरै विश्वव्यापी उत्तरी (Global North) देशहरूले आलोचना गरेका छन्, तर उनीहरूले इजरायललाई गाजा र लेबनानमा बारम्बार युद्धविराम उल्लङ्घन गर्न अनुमति दिएकोमा अमेरिकालाई आलोचना गरेका छैनन्।"

**त्यसो भए युद्धविरामहरू कानुनी रूपमा बाध्यकारी छन् वा छैनन् ?**

हो, युद्धविरामहरू कानुनी रूपमा बाध्यकारी छन्, बेलायती अन्तर्राष्ट्रिय मानव अधिकार वकिल र ग्वेर्निका ३७ चेम्बर्सका सह-संस्थापक टोबी क्याडम्यान तर्क छ। तर, केर्स्टन र लिङ्क जस्तै, क्याडम्यानले भने कि युद्धविराम जसलाई उनले "सैन्य अपरेशनको अस्थायी, सैन्य र कूटनीतिक स्थगन" भनेर वर्णन गरे स्वाभाविक रूपमा कमजोर हुन्छन्। शान्ति सन्धिहरूभन्दा फरक, युद्धविरामले अन्तर्निहित द्वन्द्व समाधान गर्दैन वा युद्धको कानुनी अवस्था समाप्त गर्दैन।

"यसले लडाइँलाई स्थगित गर्छ; यसले सशस्त्र द्वन्द्वको अवस्था अन्त्य गर्दैन," उनले भने।

जहाँ व्यापक शान्ति सम्झौता छ, जस्तै गाजामा, युद्धविराम पनि लागू छ। कम्तिमा सिद्धान्तमा - बलियो आधारमा खडा छ, लिङ्कले भने। युद्धविरामसँगै आएको गाजा शान्ति योजनालाई संयुक्त राष्ट्र सुरक्षा परिषद्ले प्रस्ताव-२८०३ मार्फत अनुमोदन गरेको थियो, जसले सम्झौतालाई "पूर्ण रूपमा, राम्रो विश्वासका साथ र ढिलाइ नगरी" लागू गर्न आह्वान गर्दछ।

सिद्धान्ततः, राज्यहरूले गाजा सम्झौता उल्लङ्घन गर्ने पक्षहरूलाई प्रतिबन्ध लगाउन सुरक्षा परिषद्लाई अनुरोध गर्न सक्छन्। व्यवहारमा, लिङ्कले व्याख्या गरे, राष्ट्र सङ्घमा अमेरिकी भिटोको अर्थ न त इजरायल, न त अमेरिकालाई नै, वास्तविक रूपमा निन्दा गर्न सकिँदैन।

"यसैले युद्धविराम र शान्ति सन्धिहरू अन्ततः राजनीतिक दस्तावेज हुन् किनभने तिनीहरूलाई लागू गर्न राजनीतिक इच्छाशक्ति चाहिन्छ," लिङ्कले भने।



**युद्धविराम उल्लङ्घन भयो भनेर कसले निर्णय गर्छ ?**

प्यालेस्टिनीहरूले इजरायलले गाजा युद्धविरामको उल्लङ्घन गरेको बारम्बार औंल्याएका छन्। अमेरिका र इरानले नियमित रूपमा एकअर्कालाई युद्धविराम उल्लङ्घनको आरोप लगाउँछन्। अनि इजरायल र लेबनानले पनि युद्धविरामको सन्दर्भमा त्यस्तै गर्छन्।

त्यसो भए युद्धविराम उल्लङ्घन भएको छ कि छैन भनेर कसले निर्णय गर्छ र कसबाट ?

क्याडम्यानका अनुसार, उनले जवाफमा भने, "कसले उल्लङ्घन गरेको छ भनेर बाध्यकारी प्रभावका साथ निर्धारण गर्ने अधिकार कुनै तटस्थ मध्यस्थकर्तालाई छैन।"

अनुगमन संयन्त्रहरू अवस्थित छन्, तर तिनीहरू मुख्यतया राजनीतिक निकायहरू हुन् जुन् सम्झौताहरूको मध्यस्थता र ग्यारेन्टी गर्ने राज्यहरूद्वारा निरीक्षण गरिन्छ। गाजा र लेबनानको सन्दर्भमा, त्यो संयुक्त राज्य अमेरिका हो। तर, वाशिङटनले मध्यस्थकर्ता, ग्यारेन्टर र इजरायलको सबैभन्दा नजिकको सैन्य र कूटनीतिक सहयोगीको असामान्य भूमिका ओगटेको छ।

यसको अर्थ विज्ञहरू भन्छन् कि उल्लङ्घनका आरोपहरू प्राय: स्वतन्त्र कानुनी निकायद्वारा मूल्याङ्कन गर्नुको सट्टा राजनीतिक हिसाबले फिल्टर गरिन्छ।

**अन्तर्राष्ट्रिय कानुनबारे के भन्न सकिन्छ ?**

कर्स्टनको लागि, गाजा र लेबनानले अन्तर्राष्ट्रिय कानुनी प्रणाली भित्रको आधारभूत विरोधाभासलाई उजागर गर्छन्। कागजमा मात्र, अन्तर्राष्ट्रिय कानुनले के भइरहेको छ त्यसको वैधानिकताको बारेमा व्यापक सहमति स्थापित गर्न सफल भएको छ।

"विश्वको विशाल बहुमतले स्वीकार गर्दछ कि दुवै सन्दर्भमा के भइरहेको छ त्यो गलत मात्र होइन, गैरकानुनी पनि छ - अन्तर्राष्ट्रिय कानुनको कारण।"

तैपनि हिंसा रोक्न मान्यताले थोरै मात्र गरेको छ। "जीवन बचाउन र नरसंहार रोक्न थोरै मात्र भइरहेको छ," उनले भने।

परिणामस्वरूप कानुनी निष्कर्ष र राजनीतिक कारबाही बिचको खाडल बढ्दै गएको छ। अदालतहरूले अनुसन्धान गर्न, प्रमाण सङ्कलन गर्न र फैसला जारी गर्न सक्छन् जसरी अन्तर्राष्ट्रिय फौजदारी अदालत र अन्तर्राष्ट्रिय न्याय अदालत दुवैले इजरायलविरुद्ध गरेका छन्, तर त्यसले बम खस्नबाट रोक्दैन वा जमिनमा अनुपालनको ग्यारेन्टी गर्दैन।

कर्स्टन र लिङ्कको लागि, समस्या कानुनी मापदण्डको अभाव होइन; यो राज्यहरूको निरन्तर असफलता हो जुन तिनीहरूलाई लागू गर्न असफल हुन्छ, विशेषगरी जब शक्तिशाली पक्षहरू संलग्न हुन्छन्।

"प्रभावकारी जवाफदेहिताको अभाव अन्तर्राष्ट्रिय कानुन र हाम्रो आधुनिक अन्तर्राष्ट्रिय राजनीतिक प्रणालीको मुटुमा रहेको प्वाल हो," लिङ्कले भने।

तर, केर्स्टनले भने कि स्पष्ट कुरा के थियो भने युद्धविरामको समयमा अन्तर्राष्ट्रिय मानवीय कानुन, मानव अधिकार कानुन र अन्तर्राष्ट्रिय फौजदारी कानुन पूर्ण रूपमा लागू रहन्छन्।

"युद्धविरामले नागरिकहरूविरुद्ध अत्याचार गर्न कुनै कानुनी कभर प्रदान गर्दैन।"

यसको अर्थ युद्धविराम लागू हुँदा पनि युद्ध अपराधको आरोपको अनुसन्धान र अभियोजन गर्न सकिन्छ।

**के 'आत्मरक्षा' को लागि भनी युद्धविरामको समयमा आक्रमण गर्नुले औचित्य दिन्छ ?**

क्याडम्यानले गाजा र लेबनानमा इजरायलद्वारा र इरानविरुद्ध अमेरिकाद्वारा निरन्तर आक्रमणलाई औचित्य दिन प्राय: प्रयोग गरिने कानुनी तर्कलाई प्रकाश पार्छन् : 'आत्मरक्षा'।

यी तर्कहरू संयुक्त राष्ट्र सङ्घको बडापत्रको धारा ५१ मा आधारित छन्, जसले राज्यहरूलाई अन्य राष्ट्रहरूविरुद्ध एकपक्षीय सैन्य कारबाही सुरु गर्ने अधिकार प्रदान गर्दछ यदि तिनीहरूले आत्मरक्षाको लागि कार्य गरिरहेको खण्डमा।

तर, क्याडम्यानले भने कि त्यो धाराको व्याख्या भारी विवादित छ।

"धारा ५१ ले भएको वा साँच्चै आसन्न सशस्त्र आक्रमणको जवाफ दिन्छ; यो निवारक हमलाको लागि स्थायी इजाजतपत्र होइन।"

त्यसो भए युद्धविरामको समयमा आक्रमण गरेर देशहरू किन उम्कन सक्छन् भन्ने सोच्छन् ?

बुधबार पत्रकारहरूले अमेरिका र इरानले हालैका हप्ताहरूमा भएका निरन्तर यद्यपि छिटपुट आक्रमणहरूलाई ध्यानमा राख्दै युद्धविरामलाई कसरी परिभाषित गर्नुहुन्छ भनेर सोध्दा, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने, "यो संसारको फरक भाग हो, तपाईंलाई थाहा छ। म भन्छु कि युद्धविरामको त्यो समयमा जब तपाईं मध्यम तरिकाले गोलीबारी गर्दै हुनुहुन्छ।"

ट्रम्पको टिप्पणीले गाजा, लेबनान र खाडीमा जारी हिंसाको मूल कारण कानुनी विज्ञहरूले भनेको कुरालाई जोड दिन्छ : कुनै अर्थपूर्ण कार्यान्वयन संयन्त्रको अभाव।

सुरक्षा परिषद् भिटो शक्तिद्वारा नियन्त्रित छ। आईसीजेले बाध्यकारी आदेश जारी गर्न सक्छ तर लागू गर्न सक्दैन। आईसीसीले गिरफ्तारी वारेन्ट जारी गर्न सक्छ, तर त्यसलाई कार्यान्वयन गर्न राज्यहरूमा निर्भर पर्दछ।

"एकीकृत गर्ने विषय कार्यान्वयनको कमी हो," क्याडम्यानले भने।

क्याडम्यानले तर्क गरे कि समस्या यो होइन कि अन्तर्राष्ट्रिय कानूनमा नियमहरूको अभाव छ। बरु, ती नियमहरू प्राय: छनौट रूपमा लागू गरिन्छन्। "कानुन औपचारिक रूपमा इजरायल वा अमेरिकाको लागि फरक छैन; यसको प्रयोग छनौटपूर्ण छ।"



फोटो : जुन ५, २०२६ मा दक्षिणी लेबनानी तटीय सहर टायरमा अघिल्लो दिन इजरायली हमलाको स्थलमा मानिसहरू परिणामको निरीक्षण गर्दै। *(एएफपी)*

# इजरायली सेनाको गोलीबारीमा ७ महिनाका बालकको मृत्यु, आमाबुबा घाइते



हेब्रोन, ७ जून (एपी)। इजरायलको सैन्य नियन्त्रणमा रहेको प्यालेस्टिनी भूभाग पश्चिमी किनाराको हेब्रोन क्षेत्रनजिक इजरायली सेनाले एक सवारीसाधनमाथि गोली चलाउँदा ७ महिनाका एक प्यालेस्टिनी शिशुको मृत्यु भएको छ भने उनका आमाबुबा घाइते भएका छन्।

घटनाबारे प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जानकारी दिएको हो।

मन्त्रालयका अनुसार शिशुको अनुहारमा गोली लागेका कारण घटनास्थलमै मृत्यु भएको थियो। घाइते भएका उनका पिता र आमाको उपचार भइरहेको छ। आमाको अवस्था गम्भीर रहेको बताइएको छ।

इजरायली सेनाले भने आफ्ना सैनिकहरूले आफूहरूतर्फ तीव्र गतिमा आइरहेको जस्तो देखिएको एक सवारीसाधनलाई लक्षित गरी गोली चलाएको जनाएको छ। सेनाको प्रारम्भिक अनुसन्धानले घाइते भएका तीनै जना सर्वसाधारण रहेको र उनीहरूको कुनै संलग्नता नरहेको देखाएको बताइएको छ।

शिशुका पिता, जो एक विश्वविद्यालयका प्राध्यापक समेत हुन्, का अनुसार परिवारका सदस्यहरू सवारीसाधनमा यात्रा गरिरहेका बेला अचानक गोलीबारी भएको थियो। उहाँका अनुसार एउटा गोली अगाडिको सिसा छेड्दै उहाँको हातमा लागेर पछाडिको सिटमा रहेका शिशुसम्म पुगेको थियो। सोही क्रममा शिशुको अनुहारमा गम्भीर चोट लागेको थियो।

घटनामा शिशुकी आमालाई पनि चोट लागेको छ। चिकित्सकहरूका अनुसार उहाँको मुटुनजिक छर्रा अड्किएको छ र अवस्था चिन्ताजनक रहेको छ।

परिवारका सदस्यहरूका अनुसार उनीहरू सैन्य जाँच चौकी नजिक पुग्दा टाढाबाट सैनिक र सैन्य सवारीसाधन देखेपछि गाडी रोकेका थिए। सुरुमा सुनिएको गोलीको आवाज चेतावनीका लागि चलाइएको हो भन्ने लागेको भए पनि केही क्षणमै गम्भीर दुर्घटना भएको उनीहरूको भनाइ छ।

शिशुको मृत्युले स्थानीय समुदायमा शोक छाएको छ। अन्त्येष्टिका क्रममा उनको शवलाई प्यालेस्टिनी झन्डाले बेरिएको थियो। परिवारले घटनाको निष्पक्ष छानबिन र न्यायको माग गरेको छ।

सन् २०२३ अक्टोबरमा गाजामा युद्ध सुरु भएयता पश्चिमी किनारामा इजरायली सैन्य कारबाही तथा प्यालेस्टिनीहरूविरुद्ध हुने हिंसात्मक घटनामा उल्लेख्य वृद्धि भएको विभिन्न मानवअधिकार संस्थाहरूले जनाउँदै आएका छन्।

# समुद्री विपद् न्यूनीकरणमा नयाँ आशा चीनको उन्नत पूर्वानुमान प्रणाली

छिङदाओ, ७ जून (सिन्ह्वा)। चीनका वैज्ञानिकहरूले समुद्री पूर्वानुमान क्षेत्रमा ठूलो उपलब्धि हासिल गर्दै नयाँ कृत्रिम बुद्धिमत्ता मोडेल सार्वजनिक गरेका छन्। यो प्रणालीले आँधी, अत्यधिक वर्षा, आँधीबाट उत्पन्न समुद्रभित्रका शक्तिशाली तरङ्ग तथा समुद्री बरफजस्ता जटिल समुद्री घटनाहरूको पनि पूर्वानुमान गर्न सक्छ।

पूर्वी चीनको शान्दोङ प्रान्तस्थित छिङदाओमा जारी चौथो चीन डिजिटल पृथ्वी सम्मेलनमा शनिबार यस मोडेलको औपचारिक उद्घाटन गरिएको हो।

चीनको विज्ञान प्रतिष्ठानअन्तर्गतको समुद्र विज्ञान अनुसन्धान संस्थानद्वारा विकसित यो प्रणाली, सन् २०२४ को अन्त्यतिर सार्वजनिक गरिएको अघिल्लो संस्करणको उन्नत रूप हो।

संस्थानका अध्यक्ष वाङ फानका अनुसार नयाँ प्रणालीले समुद्री अवस्थाको सामान्य पूर्वानुमानबाट अगाडि बढेर जटिल समुद्री घटनाहरूको बुद्धिमत्तापूर्ण विश्लेषण र प्रत्यक्ष पूर्वानुमान गर्न सक्षम भएको छ।

**आँधीको दिशा परिवर्तन र तीव्रता बढ्ने अवस्थासमेत अनुमान**

यो प्रणालीले वायुमण्डलीय तथा समुद्री तथ्याङ्क, उपग्रहबाट प्राप्त बादलका तस्बिर र ऐतिहासिक आँधी मार्गहरूलाई संयोजन गरी पूर्वानुमान गर्छ। यसले विशेषगरी आँधीको अचानक दिशा परिवर्तन र तीव्र रूपमा शक्तिशाली बन्ने प्रक्रियाजस्ता कठिन अवस्थाहरूको भविष्यवाणी गर्न सक्छ।

विशेषज्ञहरूका अनुसार यसले तटीय क्षेत्रका बासिन्दालाई थप समयमै चेतावनी दिएर ठूलो जनधनको क्षति रोक्न मद्दत पुर्‍याउन सक्छ।

**समुद्री संरचना र ध्रुवीय जलयात्राका लागि उपयोगी**

यो प्रणालीले समुद्रभित्र रहेका शक्तिशाली तर अदृश्य तरङ्गहरू पनि पहिचान गर्न सक्छ, जसले समुद्री तेल प्लेटफर्म तथा अन्य संरचनामा क्षति पुर्‍याउन सक्छन्। यसले यस्ता तरङ्गहरूको आगामी ३० दिनसम्मको विकासक्रम र आगामी सात दिनका गति तथा उचाइसम्बन्धी जानकारी उपलब्ध गराउँछ।

अन्तर्राष्ट्रिय समुद्री बरफ पूर्वानुमान सञ्जालद्वारा गरिएको स्वतन्त्र मूल्याङ्कनमा यस प्रणालीले सन् २०२५ को सेप्टेम्बर महिनाको आर्कटिक समुद्री बरफ क्षेत्रफलको मौसमी पूर्वानुमानमा विश्वका विभिन्न मोडेलहरूमध्ये पहिलो स्थान हासिल गरेको थियो।

यो प्रणालीले ३ किलोमिटरको उच्च स्पष्टतामा मासिक स्तरको समुद्री बरफ पूर्वानुमान गर्न सक्छ, जुन आर्कटिक जलयात्रा, जलवायु अनुसन्धान तथा ध्रुवीय नेभिगेसन सुरक्षाका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ।

**भविष्यमा समुद्री बुद्धिमत्ता मञ्च बनाइने**

अनुसन्धान टोलीका अनुसार यो प्रणालीले विभिन्न स्रोतबाट प्राप्त अवलोकन, भौतिक विज्ञानको ज्ञान र कृत्रिम बुद्धिमत्ताको तर्कशक्तिलाई एकीकृत गरेर अझ छिटो, सटीक र अन्तरक्रियात्मक समुद्री पूर्वानुमान सेवा प्रदान गर्छ।

भविष्यमा यसलाई जलवायु तथा समुद्री पारिस्थितिकीय अध्ययनसँग जोड्दै समुद्री बुद्धिमत्ता मञ्चको रूपमा विकास गर्ने योजना रहेको वैज्ञानिकहरूले बताएका छन्।

हजारौँ वर्षअघि आकाशको अवलोकनबाट सुरु भएको ज्ञानको त्यो परम्परा आज कृत्रिम बुद्धिमत्ताको सहयोगमा महासागरको भविष्य बुझ्ने नयाँ युगमा प्रवेश गरेको छ।

# इरान युद्धले तेल बजारमा ‘ओपेक प्लस’ को प्रभाव कमजोर, उत्पादन बढाउने तयारी

लन्डन, ७ जून (एएफपी)। इरान युद्धका कारण तेल आपूर्ति अवरुद्ध भएपछि विश्व बजारमा मूल्य तीव्र रूपमा बढ्दै गएको अवस्थामा ‘ओपेक प्लस’ का मन्त्रीहरूले आइतबार हुने बैठकमा उत्पादन कोटा बढाउने विषयमा छलफल गर्ने भएका छन्। यस कदमको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय बजारमा बढ्दो तेल मूल्यलाई नियन्त्रणमा ल्याउनु हो।

विश्लेषकहरूका अनुसार ओपेक प्लसले दैनिक करिब १ लाख ८८ हजार ब्यारेलसम्म उत्पादन वृद्धि गर्ने निर्णय गर्न सक्ने सम्भावना छ, जुन पछिल्ला निर्णयहरूसँग मिल्दोजुल्दो हुनेछ। तर, उत्पादन क्षमता सीमित भएकाले वास्तविक रूपमा केवल सात देशहरू - साउदी अरेबिया, रूस, इराक, कुवेत, काजाकिस्तान, अल्जेरिया र ओमानले मात्र आपूर्ति बढाउन सक्ने अवस्था रहेको बताइएको छ।

इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणपछि महत्त्वपूर्ण समुद्री मार्ग स्ट्रेट अफ होर्मुज बन्दजस्तै भएको छ, जसले विश्वको करिब २० प्रतिशत तेल तथा ग्यास आपूर्ति प्रभावित पारेको छ। यस अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य झन्डै दोब्बर पुगेको छ र त्यसको असर विश्वभर मुद्रास्फीतिमा देखिन थालेको छ।

विशेषज्ञहरूको भनाइमा ओपेक प्लसले उत्पादन बढाउने घोषणा गरे पनि त्यसको वास्तविक प्रभाव सीमित हुने सम्भावना छ। स्याक्सो बैङ्कका विश्लेषक ओले ह्यान्सनका अनुसार ओपेकसँग बजारमा ठूला र निर्णायक परिवर्तन ल्याउने विकल्पहरू अहिले धेरै बाँकी छैनन्, जसले गर्दा यसको नीतिगत प्रभाव पहिलेको तुलनामा कमजोर देखिएको छ।

## विश्व सङ्क्षेप

# क्षेप्यास्त्र आक्रमणपछि मध्यपूर्वमा नयाँ सङ्कट, इरान-अमेरिका तनाव उत्कर्षमा

तेहरान, ७ जून (एएफपी)। इरानले शनिबार बहराइन र कुवेतमा क्षेप्यास्त्र प्रहार गरेको छ। यस घटनाले खाडी क्षेत्रमा तनाव झन् बढाएको छ र पहिले नै कमजोर रहेको युद्धविराम झनै जोखिममा परेको छ।

अमेरिकी सेन्ट्रल कमाण्डका अनुसार इरानले होर्मुज जलसन्धि नजिक रहेका अमेरिकी लक्षित क्षेत्रतर्फ सात वटा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो। तीमध्ये छ वटा क्षेप्यास्त्र आकाशमै रोकिएका थिए भने एक लक्ष्यमा नपुगी खसेको बताइएको छ।

बहराइनमा रहेका अमेरिकी पाँचौँ फ्लीटको मुख्यालयलाई लक्षित गरी भएको आक्रमणपछि बहराइन सरकारले यसलाई ‘खुला आक्रमण’ भनेको छ। कुवेतले पनि यसलाई ‘खतरनाक तनाव वृद्धि’ भन्दै कडा निन्दा गरेको छ।

घटनाको क्रममा बहराइनको राजधानी मनामामा विस्फोटका आवाज सुनिएको थियो भने कुवेतमा अन्तर्राष्ट्रिय विमानस्थलनजिकै लगातार विस्फोट भएको स्थानीय पत्रकारहरूले बताएका छन्। त्यहाँका बासिन्दाहरूले अचानक ठूलो विस्फोटपछि त्रासको अवस्था सिर्जना भएको बताएका छन्।

यस घटनाले मध्यपूर्वमा जारी युद्धलाई थप चर्काउने सङ्केत दिएको छ, जहाँ अमेरिका-इरानबिचको प्रत्यक्ष तथा अप्रत्यक्ष तनाव लगातार बढिरहेको छ।

# रुसको आर्थिक मञ्चमा ८९ अर्ब डलरभन्दा बढीका सम्झौता

सेन्ट पिटर्सबर्ग, ७ जून (सिन्ह्वा)। रुसको सेन्ट पिटर्सबर्गमा आयोजित सन् २०२६ को अन्तर्राष्ट्रिय आर्थिक मञ्चमा करिब ८९ अर्ब ६० करोड अमेरिकी डलर (झण्डै ६ दशमलव ६ ट्रिलियन रुबल) बराबरका सम्झौताहरू सम्पन्न भएका छन्।

मञ्चको आयोजक समितिका कार्यकारी सचिवले शनिबार जानकारी दिँदै चार दिनसम्म सञ्चालन भएको कार्यक्रममा १ हजार ८४ वटा विभिन्न सम्झौता सम्पन्न भएको बताउनुभएको छ। मञ्च बुधबारदेखि शनिबारसम्म आयोजना गरिएको थियो।

उहाँका अनुसार यस वर्षको मञ्चमा विश्वका १४२ देशका प्रतिनिधिहरू सहभागी भएका थिए। व्यापार, लगानी, ऊर्जा, प्रविधि, पूर्वाधार विकास तथा अन्तर्राष्ट्रिय आर्थिक सहकार्यका विविध विषयमा छलफल हुनुका साथै विभिन्न क्षेत्रसँग सम्बन्धित सम्झौताहरूमा हस्ताक्षर गरिएको थियो।

रुसको प्रमुख अन्तर्राष्ट्रिय आर्थिक कार्यक्रमका रूपमा परिचित यो मञ्चले विश्वभरका सरकारी प्रतिनिधि, उद्योगी, लगानीकर्ता तथा आर्थिक नीति निर्माताहरूलाई एकै थलोमा ल्याउने गरेको छ। आयोजकहरूका अनुसार यस वर्षको सहभागिता र सम्झौताहरूको परिमाणले मञ्चप्रति अन्तर्राष्ट्रिय चासो निरन्तर बढिरहेको सङ्केत गरेको छ।

विश्व अर्थतन्त्रमा देखिएका चुनौती, क्षेत्रीय सहकार्य, नयाँ लगानी अवसर तथा दीर्घकालीन आर्थिक विकासका रणनीतिबारे समेत मञ्चमा व्यापक छलफल भएको जनाइएको छ।

# गाजा युद्धविराम कार्यान्वयनबारे हमास र प्यालेस्टिनी पक्षबिच कायरोमा वार्ता

गाजा, ७ जून (सिन्ह्वा)। हमासले शनिबार इजिप्टको राजधानी कायरोमा प्यालेस्टिनी विभिन्न पक्ष तथा मध्यस्थकर्ताहरूसँग गाजा युद्धविराम सम्झौताको कार्यान्वयन र गाजा क्षेत्रको भावी व्यवस्थापनबारे औपचारिक छलफल सुरु गरेको जनाएको छ।

हमासका प्रवक्ताले सञ्चारकर्मीहरूसँग कुरा गर्दै बैठकको मुख्य उद्देश्य युद्धविराम सम्झौताको पहिलो चरणमा भएका सहमतिहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्नु रहेको बताउनुभयो। उहाँका अनुसार यसमा सैन्य गतिविधि तथा तनावको अन्त्य, लक्षित आक्रमण रोक्ने, सीमा नाकाहरू सञ्चालनमा ल्याउने तथा राष्ट्रिय समितिलाई गाजामा प्रवेशको अनुमति दिने विषयहरू समावेश छन्।

उहाँले थप जानकारी दिँदै दोस्रो चरणका विषयमा पनि छलफल हुने बताउनुभयो। यस क्रममा अन्तर्राष्ट्रिय शान्ति बल वा प्राविधिक समितिको भूमिकाबारे विचार-विमर्श गरिनुका साथै प्यालेस्टिनी हतियारसम्बन्धी विषयमा सबै पक्षलाई स्वीकार्य हुने समाधान खोज्ने प्रयास गरिनेछ।

हमासले प्यालेस्टिनी जनताको हितलाई सर्वोच्च प्राथमिकतामा राखेको र गाजामा पुनः द्वन्द्व सिर्जना हुन सक्ने कुनै पनि कारण हटाउने प्रयास गरिरहेको उहाँले बताउनुभयो।

गाजास्थित हमास नेतृत्वको प्रतिनिधिमण्डल तथा अन्य प्यालेस्टिनी पक्षका प्रतिनिधिहरू शुक्रबार कायरो पुगेका थिए। वार्ता केही दिनसम्म जारी रहने अपेक्षा गरिएको छ।

यी घटनाक्रमहरू अक्टोबर २०२५ मा भएको युद्धविराम सम्झौताको कार्यान्वयन अझै पूर्ण रूपमा हुन नसकेको अवस्थाबिच भएका हुन्। सम्झौताका महत्त्वपूर्ण पक्षहरू, जस्तै निःशस्त्रीकरण र पुनर्निर्माण, अझै प्रक्रियामै रहेका छन्।

युद्धविरामको पहिलो चरणअन्तर्गत बन्दीहरूको आदानप्रदान, गाजामा मानवीय सहायता प्रवेश तथा केही क्षेत्रबाट सैनिक फिर्ता गर्ने व्यवस्था गरिएको थियो।

जनवरी महिनाको मध्यतिर युद्धविरामको दोस्रो चरण सुरु भएको घोषणा गरिएको थियो। यस चरणमा सैनिक फिर्ती, निःशस्त्रीकरण, पुनर्निर्माण तथा अन्तरिम प्रशासनिक संरचना गठन गर्ने विषयहरू समावेश छन्।

# सन्दर्भ विश्व वातावरण दिवस
# ‘जोगाए पो प्रकृति जोगिएला भविष्य’

प्रगति ढकाल

*ए मान्छे हो,*
*रोक आफैँलाई डढाउन खोज्ने हातहरू,*
*पछि फर्काउ विष कुण्डतिर बढेका*
*तिम्रा ती खुट्टाहरू*
*रुखलाई संरक्षण गर्न प्रयोग गर,*
*भविष्यमाथि बन्चरो नहान,*
*बुझ र फर्क*
*हरित नेपालतर्फ ।*

कवि निर्मलमणि अधिकारीको ‘बुझ र फर्क’ शीर्षकको कविताबाट ल्याइएको यी हरफहरूले हरियाली, जीवन र भविष्यप्रतिको चिन्तालाई उजागर गरेको छ । हरित नेपालतर्फ फर्किन गरेको कविको आह्वान आजको जलवायु सङ्कट र पर्यावरणीय चुनौतीबिच अझै सान्दर्भिक र अर्थपूर्ण बनेर उभिएको छ ।

यस्तै सन्देश विश्वप्रसिद्ध गायक माइकल ज्याक्सनको ‘अर्थ सङ’ ले पनि तीन दशकअघि नै दिएको थियो ।

*के तिमीले कहिल्यै रोकेर हेर्यौ*
*युद्धमा मारिएका बालबालिकाहरू ?*
*के तिमीले कहिल्यै रोकेर हेर्यौ*
*यो रोइरहेकी पृथ्वी, यो विलाप गरिरहेको किनारा ?*

यी हरफहरूले युद्ध, वन विनाश, प्रदूषण र मानवको उदासीनताप्रति गम्भीर प्रश्न उठाउँछन् । आज विश्वले भोगिरहेको जलवायु सङ्कटलाई हेर्दा माइकल ज्याक्सनको त्यो गीत भविष्यवाणीझैँ लाग्छ ।

पृथ्वी अहिले जलवायुजन्य सङ्कटमा छिन । कतै अत्यासलाग्दो गर्मीको लहर छ, कतै भीषण बाढी । कतै सुक्दै गएका छन् पानीका मुहान । अनि गहिरिँदै छ, खानेपानीको सङ्कट । जलवायु परिवर्तनका कारण हिमालहरूले हिउँ गुमाउँदै छन् । नदीहरूको बहाव अनिश्चित बन्दै गएको छ । मानव गतिविधिका कारण वातावरणीय सन्तुलन बिग्रँदा बाढी, पहिरो, डुबान, वन डढेलो, खडेरी र तातो हावाका लहरजस्ता विपद्हरूले पृथ्वीको अस्तित्वलाई नै नास गर्ने त होइन ? भन्ने चिन्ताजनक प्रश्न तेर्सिएको छ ।

सुक्खा मौसमले खाद्य सङ्कट निम्ताउला कि भन्ने चिन्ता उस्तै छ । जलवायु परिवर्तनका कारण ती सेता हिमाल कालो पथ्थरमा परिणत हुने हो कि डर पनि छ । वातावरणीय न्यायका लागि सडकदेखि सदनसम्म र राष्ट्रिय तहदेखि अन्तर्राष्ट्रिय तहसम्म आवाज उठी नै रहेका छन् । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९ औँ शिखर सम्मेलनजस्ता अन्तर्राष्ट्रिय फोरमहरूमा जलवायु न्यायका लागि नेपाललगायत जलवायु प्रभावित विकासोन्मुख मुलुकले उठाएका जलवायु न्यायका आवाजहरू कहिले कार्यान्वयन हुने हुन् त्यो भने हेर्न बाँकी नै छ ।

नेपालमा सन् २०२१ को मेलम्ची बाढी, २०८१ साउन ३२ गतेको १:३० बजे सोलुखुम्बुस्थित खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहित आएको बाढी, २०८२ असार २४ गते सुप्राग्लेसियर ताल फुटेर रसुवाको ल्हेन्दे खोलामा अचानक आएको बाढी तथा भारतको उत्तराखण्डमा सन् २०१३ मा आएको केदारनाथ बाढी, भारतको सिक्किममा सन् २०२३ मा भएको दक्षिण ल्होनाक हिमताल विस्फोटजन्य बाढीलगायतका घटनालाई जलवायु परिवर्तनका ज्वलन्त उदारणको रूपमा लिइन्छ ।

विश्व मौसम सङ्गठनले सन् २०२५ जलवायु परिवर्तनका दृष्टिले अत्यन्तै चिन्ताजनक वर्षका रूपमा लिएको छ । सङ्गठनका अनुसार विश्वव्यापी रूपमा तापक्रम वृद्धि, चरम मौसमीय घटना र वातावरणीय असन्तुलनले मानव जीवन, कृषि र पारिस्थितिक प्रणालीमा गम्भीर प्रभाव पारेका छन् । सन् २०२५ इतिहासकै सबैभन्दा तातो वर्षमध्ये शीर्ष तीनमा परेको सङ्गठनको तथ्याङ्क जनाउँछ । पछिल्लो दशकभरि लगातार नयाँ तापक्रम रेकर्ड कायम भइरहेको भन्दै विश्वका वैज्ञानिकहरूले चिन्ता जनाएका छन् । यसवर्ष नै अफ्रिका, एसिया र युरोपका विभिन्न क्षेत्रमा व्यापक गर्मीको लहर (हिटवेभ) देखियो, जसले कृषि उत्पादनमा गिरावट ल्यायो ।



जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा खडेरी पर्नसक्ने र सुक्खा बढ्नसक्ने प्रक्षेपण गरेको छ । मनसुन अवधि ( समान्यतया जेठ १८ देखि असोज १४ सम्म) चार महिनामा अधिकांश भू-भागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम् र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको बताउनुहुन्छ जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईँ । यसले गर्दा बर्खे धान रोपाइँलाई असर गर्नसक्ने र उत्पादनमा समेत ह्रास आउनसक्ने भन्दै कृषकहरू चिन्तित छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गतवर्ष पनि मधेसमा सुक्खा बढ्दा आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएकामा चालु आव ४.२० प्रतिशतले कमी भई ५७ लाख पाँच हजार १२६ मेट्रिक टन उत्पादन भएको छ ।

सुक्खाकै कारण मधेस क्षेत्रलगायत तराईका अधिकांश स्थानमा खानेपानीको सङ्कट बढ्दो रहेको छ । सङ्घीय सदनमा सांसदहरूले मधेशमा सुक्खाको समस्या बढिरहेको भन्दै समाधानका लागि तत्काल बजेट व्यवस्थापन गर्न सरकारलाई आग्रह गर्दै आइरहेका छन् । विश्वको तापक्रम वृद्धि १.५ डिग्री सेन्टिग्रेडमा कायम राख्न सकिए पनि एक्काइसौ शताब्दीका अन्त्यसम्म हिमालय क्षेत्रबाट ३६ प्रतिशत हिउँ पग्लने अध्ययनले देखाएको छ ।

### एल निनोको तीव्र विकाससँगै विश्वव्यापी तापक्रम बढ्ने सम्भावना

यस वर्ष तीव्र रूपमा विकसित भइरहेको एल निनोका कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने तथा दक्षिण एसियासहित भारतीय उपमहाद्वीपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै चिन्ता जनाइएको छ । विश्व मौसम विज्ञान सङ्गठन ( डब्लुएमओ) अन्तर्गतको बहु-मोडेल मौसमी पूर्वानुमान प्रणालीले सार्वजनिक गरेको पछिल्लो मौसमी पूर्वानुमानअनुसार यस वर्षको सुरुआतमा कमजोर बन्दै गएको ला निनाबाट प्रशान्त महासागरको अवस्था तटस्थमा पुगेको भए पनि आगामी महिनाहरूमा बलियो एल निनो विकसित हुने सङ्केत देखिएको छ । प्रशान्त महासागरमा विकसित भइरहेको एल निनोसँगै सकारात्मक आइओडीको प्रभावले दक्षिण एसियाली मनसुन प्रणालीमा थप असर पार्न सक्ने मौसमविद्हरूको भनाइ छ ।

पूर्वानुमानअनुसार उत्तरी अमेरिका, युरोप, अफ्रिका तथा एसियाका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने सम्भावना उच्च छ । दक्षिण तथा पूर्वी एसियामा तापक्रम वृद्धि हुने सम्भावना अझ बढी रहेको उल्लेख गरिएको छ । दक्षिणी गोलार्द्धका दक्षिण अमेरिका, दक्षिणी अफ्रिका तथा अस्ट्रेलियाका धेरै क्षेत्रमा पनि औसतभन्दा बढी तापक्रम रहने सङ्केत देखिएको छ ।

भूमध्यरेखीय अफ्रिका तथा समुद्री दक्षिणपूर्वी एसियामा समेत तापक्रम सामान्यभन्दा माथि रहने सम्भावना प्रबल छ । विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीका अनुसार एल निनोको तीव्र विकासले विश्वव्यापी तापक्रम वृद्धि, खडेरी, पानीको अभाव तथा चरम मौसमी घटनाहरूको जोखिम बढाउन सक्छ । त्यसैले प्रभावित हुनसक्ने क्षेत्रहरूले कृषि, जलस्रोत व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरणका लागि समयमै तयारी गर्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो ।

### हिन्दूकुश हिमालय क्षेत्रमा विपद्को जोखिम बढ्दो

हिन्दूकुश हिमालय क्षेत्रका आठ देशमध्ये चार देशले सन् २०२५ मा १० भन्दा बढी ठुला विपद् सामना गरेको तथ्याङ्क सार्वजनिक भएको छ । एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड) को विश्लेषणले यस क्षेत्र जलवायुजन्य तथा प्राकृतिक प्रकोपको बढ्दो जोखिममा रहेको देखाएको हो । इसिमोडले आपत्कालीन घटनासम्बन्धी अन्तर्राष्ट्रिय तथ्याङ्क (इएम-डेटा) को विश्लेषण गर्दै यी क्षेत्रका देशहरूले सन् २०२४ मा मात्रै बाढी, पहिरो, आँधीबेहरीलगायत पानीजन्य विपद्का कारण छ अर्ब अमेरिकी डलरभन्दा बढी आर्थिक क्षति बेहोरेको जनाएको छ ।

मनसुनी वर्षाका कारण बङ्गलादेश, भारत, नेपाल र पाकिस्तानमा बारम्बार बाढी र पहिरोका घटना भए । केही स्थानमा हिमताल विस्फोटजन्य बाढी (ग्लेसियल लेक आउटबर्स्ट फ्लड) का घटनासमेत दर्ज भएका छन् । यी विपद्का कारण क्षेत्रभर करिब १२ लाख मानिस प्रत्यक्ष प्रभावित वा विस्थापित भएका छन् । इएम-डेटाका अनुसार विश्वव्यापी रूपमा सन् २०२५ मा विपद्सम्बन्धी आर्थिक क्षति १६९ अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको अनुमान गरिएको छ । पछिल्ला वर्षहरूमा हिमाली क्षेत्रमा बाढी, पहिरो तथा अन्य जोखिमहरू एकअर्कासँग गाँसिँदै गएको र यसले घर, पूर्वाधार तथा आधारभूत सेवामा हुने क्षति झन् बढाएको इसिमोडको निष्कर्ष छ । विज्ञहरूले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा चरम मौसमीय घटनाको आवृत्ति र तीव्रता बढ्दै गएको भन्दै समयमै अनुकूलन, पूर्वसूचना प्रणालीको विस्तार तथा बहुविपद् जोखिम व्यवस्थापनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् ।

### विकास र वातावरणलाई सँगै अघि बढाउनुपर्नेमा जोड

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वातावरणमैत्री र दिगो विकासको अवधारणालाई प्रभावकारी रूपमा अवलम्बन गर्न नसक्दा विश्वले जलवायुजन्य सङ्कटको सामना गरिरहेको बताउनुभएको छ । उहाँले जलवायु परिवर्तनका असरहरू विश्वभर बढ्दै गएको उल्लेख गर्दै विकासका गतिविधिलाई प्रकृति र वातावरणसँग सन्तुलित ढङ्गले अगाडि बढाउन आवश्यक रहेकामा जोड दिनुभयो । “जलवायु तथा प्रकृतिमैत्री विकासलाई प्रवर्द्धन गर्दै विकास र वातावरणलाई सँगसँगै अघि बढाउने सन्देश प्रवाह गर्नुपर्छ,” महानिर्देशक सुवेदीले भन्नुभयो, “आर्थिक समृद्धि र पूर्वाधार विकासलाई मात्र प्राथमिकता दिने प्रवृत्तिले प्राकृतिक स्रोत साधनमाथि दबाब बढाएको छ, जसका कारण जलवायु परिवर्तनका जोखिम र चुनौतीहरू थप गम्भीर बन्दै गएका छन् ।”

विकासका योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका क्रममा वातावरणीय पक्षलाई समान महत्व दिनुपर्ने उहाँको भनाइ छ । महानिर्देशक सुवेदीले दिगो विकासका लक्ष्य हासिल गर्न हरित विकास, वातावरण संरक्षण तथा जलवायु अनुकूलनका उपायहरूलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउँदै विकास र वातावरणबिच सन्तुलन कायम गर्न सकेमात्र दीर्घकालीन समृद्धि सुनिश्चित हुने बताउनुभयो ।

### वातावरण संरक्षणलाई औपचारिक कार्यक्रममा मात्रै सीमित गर्न नहुने

जलवायु अभियन्ता गीता पाण्डेले वातावरण संरक्षणलाई औपचारिक कार्यक्रम वा हरेक दिनको उत्सवमा सीमित नगरी दैनिक जीवन, समुदाय र परम्परागत अभ्याससँग जोड्नुपर्नेमा जोड दिनुभएको छ । उहाँले नेपालका विभिन्न आदिवासी तथा स्थानीय समुदायहरूले पुस्तौँदेखि प्रकृतिसँग सहअस्तित्वमा आधारित जीवनशैली अपनाउँदै आएको उल्लेख गर्नुभयो । यसवर्ष जुन ५ अर्थात् विश्व वातावरण दिवसकै दिन थारु समुदायको परम्परागत ‘धुरिया पूजा’ परेको सन्दर्भ उल्लेख गर्दै उहाँले यसलाई वातावरण संरक्षण र सांस्कृतिक परम्पराबिचको गहिरो सम्बन्धको प्रतीकका रूपमा व्याख्या गर्नुभयो ।

थारु समुदायमा प्रत्येक वर्ष जेठ महिनामा, मनसुन सुरु हुनुअघि मनाइने धुरिया पूजामा विभिन्न गाउँका बडघर र चौधरियाहरू एकै स्थानमा भेला भई जलस्रोतको पूजा गर्नुका साथै समुदायका साझा सरोकारका विषयमा छलफल गर्ने परम्परा रहेको छ । यस पर्वले प्रकृति, वन, जलस्रोत तथा वातावरणप्रतिको सम्मान, संरक्षण र सहअस्तित्वको सन्देश प्रवाह गर्ने विश्वास गरिन्छ । पाण्डेका अनुसार पुस्तौँदेखि अभ्यास हुँदै आएको झुरिया पूजा जलस्रोतप्रतिको सम्मान र संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

विश्व वातावरण दिवस र झुरिया पूजा एउटै दिन पर्नु केबल संयोग मात्र नभई प्रकृतिसँगको सम्बन्ध तथा वातावरण संरक्षणप्रतिको साझा जिम्मेवारीलाई स्मरण गराउने महत्त्वपूर्ण अवसर भएको उहाँले बताउनुभयो । जलवायु परिवर्तनका चुनौती बढ्दै गएको वर्तमान अवस्थामा यस्ता परम्परागत ज्ञान र अभ्यासको संरक्षण तथा प्रवर्द्धन गर्दै वातावरण संरक्षणका प्रयासलाई थप प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

### अबको बाटो के हुने ?

पूर्वमन्त्री दीपक ज्ञवालीले नेपालमा भइरहेका अव्यवस्थित सडक निर्माणका कारण कमजोर पहाडी भूबनोटमा जथाभावी सडक विस्तारले विपद् जोखिम बढाएको बताउनुभयो । “जलवायु परिवर्तनका कारण माटो सुक्दै गएको छ, जसले सबैभन्दा बढी असर गरिब समुदायलाई पारिरहेको छ”, उहाँले भन्नुभयो, “अबको बाटो भनेको राज्यले जलवायु लगानी बढाउनुपर्छ । खाली अन्तर्राष्ट्रिय वित्तमा मात्रै भर पर्नुभएन ।

विपद् व्यवस्थापनविद् अच्युत लुइँटेलले विकास र वातावरणबिच सन्तुलन कायम गर्न नसके जलवायुजन्य विपद् अझै बढ्नसक्ने भन्दै दिगो, वातावरण तथा जलवायुमैत्री विकासलाई अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो । वातावरण अभियन्ता आरती पौडेलले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरू र स्थानीय समुदायका वास्तविक आवश्यकता तथा अनुभवबिच अझै पनि उल्लेख्य दूरी रहेको बताउनुभएको छ । “जलवायु सङ्कटको प्रभाव न्यूनीकरण र दिगो भविष्य निर्माणका लागि स्थानीय समुदायको भूमिका केन्द्रमा राख्न आवश्यक छ । प्रकृतिसँग सहकार्य गर्दै अघि बढ्नु अब विकल्प होइन, अपरिहार्यता हो”, उहाँले भन्नुभयो ।

### जलवायु न्यायको सुनिश्चितता आवश्यक

वातावरण कानुनविद् प्रकाशमणि शर्माले जलवायु न्यायको सुनिश्चितमार्फत जलवायु परिवर्तनबाट प्रभावित समुदायको अधिकार संरक्षण गर्न सकिने बताउनुभयो । प्रकृतिको समृद्धिबिना मानव सभ्यताको समृद्धि सम्भव नहुने उहाँको भनाइ छ । शर्माले विश्वव्यापी रूपमा तापक्रम वृद्धि भइरहेका कारण जलवायु परिवर्तनका चुनौतीलाई गम्भीरतापूर्वक सम्बोधन गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो । “हिमालहरू पानीका टावर हुन्”, उहाँले भन्नुभयो, “हिमशृङ्खलाहरू तीव्र रूपमा पग्लिँदै गए र पानीको भण्डार घट्दै गयो भने भविष्यमा अर्बौं मानिसले खानेपानीको गम्भीर सङ्कट सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।”

शर्माले जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी गरिब तथा सीमान्तकृत समुदाय प्रभावित हुने बताउनुभयो । उहाँका अनुसार यस्ता समुदायसँग अनुकूलनका लागि आवश्यक स्रोत र क्षमता कम हुने भएकाले जलवायु सङ्कटको भार पनि उनीहरूले नै बढी वहन गर्नुपरेको छ । उहाँले वातावरणीय पक्षलाई बेवास्ता गर्दै अगाडि बढाइने विकासले अन्ततः विनाश निम्त्याउन सक्ने चेतावनी दिनुभयो । जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, नेपालको संविधानको धारा ३० ले सुनिश्चित गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक तथा वातावरण संरक्षणसँग सम्बन्धित कानुन र राज्यका नीतिहरूको प्रभावकारी कार्यान्वयनमा शर्माले जोड दिनुभयो । “जलवायु परिवर्तनको चुनौती सामना गर्न कानुनी व्यवस्था, नीतिगत प्रतिबद्धता र व्यवहारिक कार्यान्वयनबिचको दूरी कम गर्न आवश्यक छ”, उहाँले भन्नुभयो, “प्रकृति संरक्षण र दिगो विकासलाई सँगसँगै अगाडि बढाउन सके मात्र भावी पुस्ताको सुरक्षित भविष्य सुनिश्चित गर्न सकिन्छ ।” ***(रासस)***

# लोकेश्वर साकोसमा संस्थागत विकास तालिम




भक्तपुर, २४ जेठ। लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लिको आयोजनामा एकदिने संस्थागत विकास तालिम समापन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले सहकारी क्षेत्र सेवाभावलाई आत्मसात गर्दै सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै सहकारीहरू स्वेच्छाचारी ढङ्गले नभई नियम, कानुन र समुदायको भावनाअनुसार चल्नुपर्नेमा जोड दिनुभयो।

उहाँले सहकारी संस्था निरन्तर रूपमा सञ्चालन हुनको लागि संस्थाको जिम्मेवार कर्मचारीको क्षमता विकासका साथै सहकारी ऐन, नियम र कानुनबारेमा पूर्णरूपमा ज्ञान हुनुपर्ने बताउनुभयो। सहकारी क्षेत्रमा देखापरेका समस्याबारे औंल्याउँदै उहाँले सहकारीमा समस्या निम्तिनुको मुख्य कारण राज्यको गलत र फितलो नीति, जथाभावी सहकारी खोल्न इजाजत दिनु र ठुला व्यवसायी र धनाढ्य व्यक्तिहरूले सहकारी संस्था कब्जा गर्नु रहेको बताउनुभयो।

उहाँले बजेट पुँजीवादी र विदेशीमुखी रहेको तथा सरकारले विद्युत् ५० युनिटमाथि उपभोगमा लगाएको कर नीति तथा स्वास्थ्य क्षेत्रमा लागेको नयाँ करको दायित्व, कृषि, शिक्षा र विकास निर्माणको क्षेत्रलाई नसमेटिएको, वैदेशिक ऋणबाट खर्च पूर्ति गर्ने, कर्मचारीहरूको तलब तथा पारिश्रमिक वृद्धिलाई मात्र जोड दिएकोजस्ता धेरै कारणबाट यो बजेट सर्वसाधारण जनताको हितमा नरहेको जानकारी दिनुभयो।

संस्थाका संस्थापक अध्यक्ष एवं भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिका सदस्य श्यामसुन्दर मातांले भक्तपुर नगर क्षेत्रभित्रका सहकारीहरूको अनुगमन गर्दा देखिएका चुनौती र समस्याहरूका बारेमा जानकारी दिनुभयो। उहाँले पछिल्लो समय चर्चामा रहेको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधिको प्रयोग मानव जीवनमा सहजता ल्याएको भए तापनि यसको नकारात्मक प्रभावबाट जोगिन सचेत रहनुपर्ने धारण राख्नुभयो।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष राजन जतिले सहकारी संस्थामा सञ्चालक समितिमा रहने सदस्यहरूमा सहकारीसम्बन्धी ज्ञान र आधारभूत योग्यताहरू भए सहकारी राम्रोसँग सञ्चालन गर्न सकिने बताउनुभयो।

उहाँले तालिमको मुख्य उद्देश्य सदस्य, समिति उपसमितिका पदाधिकारीहरूको क्षमता वृद्धि गर्ने तथा नयाँ कार्यसमिति निर्माणलाई व्यवस्थित बनाउनु रहेको बताउनुभयो। सहकारीले स्थापनाकालदेखि नै सदस्यको हक हितमा कार्य गर्दै आएकोमा आगामी दिनमा पनि सोहीअनुसार कार्य गर्दै जाने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

तालिमको प्रशिक्षण सहकारी तालिम प्रशिक्षणकर्मी राधेश्याम दुवाल र भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण ध्वजुले दिनुभएको थियो।

कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट संस्थाको शिक्षा तथा बचत उपसमितिका सदस्य मञ्जुमैंया लाखाजुले तालिम प्रभावकारी र उपयोगीमूलक रहेको बताउनुभएको थियो। संस्थाका सचिव राजु छुकां र उपाध्यक्ष प्रनेश बाटीलगायतले बोल्नुभएको थियो।

# इरानी फूटबल टोलीका केही अधिकारीलाई भिसा नदिएपछि अमेरिकाप्रति इरानको आपत्ति

तेहरान, ७ जून (सिन्ह्वा)। इरानको फूटबल महासङ्घले सन् २०२६ को विश्वकप प्रतियोगिताअघि राष्ट्रिय फूटबल टोलीका केही व्यवस्थापकीय तथा कार्यकारी अधिकारीहरूलाई अमेरिकी प्रवेशाज्ञा (भिसा) नदिइएको भन्दै अमेरिकी सरकारको कडा आलोचना गरेको छ।

महासङ्घले आफ्नो आधिकारिक वक्तव्यमार्फत अमेरिकी कदमलाई खेलभावनाविपरीत, पूर्ण रूपमा राजनीतिक प्रेरित तथा अन्तर्राष्ट्रिय खेलकुद कानुनको मर्मविपरीत भएको जनाएको छ। महासङ्घका अनुसार राष्ट्रिय टोलीसँग सम्बन्धित व्यवस्थापकीय, प्राविधिक, प्रशासनिक तथा सहयोगी कर्मचारीहरू प्रतियोगिताको तयारीका लागि अत्यावश्यक रहेकाले उनीहरूलाई भिसा उपलब्ध गराइनु आवश्यक छ।

इरानले यस विषयलाई अन्तर्राष्ट्रिय फूटबल महासङ्घ (फिफा) समक्ष पनि उठाएको जनाएको छ। महासङ्घले प्रतियोगितामा सहभागी टोलीका आवश्यक अधिकारीहरूको भिसा सुनिश्चित गराउने जिम्मेवारी फिफाको समेत रहेको उल्लेख गरेको छ।

इरानी फूटबल महासङ्घले आयोजक राष्ट्रको यो कदमलाई विभेदपूर्ण र लक्षित व्यवहारको संज्ञा दिएको छ। महासङ्घका अनुसार यस्तो निर्णयले प्रतियोगितामा सहभागी राष्ट्रहरूका लागि समान र निष्पक्ष वातावरणको सिद्धान्तमाथि प्रश्न उठाएको छ र खेलकुद क्षेत्रमा राजनीतिक हस्तक्षेपको उदाहरण प्रस्तुत गरेको छ।

यद्यपि, अमेरिकाले इरानी राष्ट्रिय टोलीका खेलाडीहरूका लागि आवश्यक भिसा प्रक्रिया सम्पन्न भएको जनाएको छ। टर्कीएस्थित अमेरिकी राजदूतले सामाजिक सञ्जालमार्फत इरानी राष्ट्रिय फूटबल टोलीका सदस्यहरूको भिसा प्रक्रिया सम्पन्न गर्न अमेरिकी दूतावासले गरेको कार्यको प्रशंसा गर्दै खेलकुदले सिमाना नाघेर विश्वलाई जोड्ने माध्यम भएको उल्लेख गर्नुभएको छ। उहाँले विश्वभरबाट आउने खेलाडी तथा समर्थकहरूलाई स्वागत गर्न अमेरिका उत्साहित रहेको पनि बताउनुभयो।

इरानी सञ्चारमाध्यमहरूका अनुसार भिसा नपाउने व्यक्तिहरूमा इरान फूटबल महासङ्घका अध्यक्ष, राष्ट्रिय टोलीका कार्यकारी निर्देशक, महासङ्घका महासचिव तथा टोलीका सञ्चार निर्देशक रहेका छन्। उहाँहरू टोलीको प्रशासनिक तथा व्यवस्थापकीय जिम्मेवारीमा संलग्न प्रमुख अधिकारीहरू मानिन्छन्।

सन् २०२६ को विश्वकप अमेरिका, मेक्सिको र क्यानाडाले संयुक्त रूपमा आयोजना गर्दैछन्। प्रतियोगिता जुन ११ देखि जुलाई १९ सम्म सञ्चालन हुनेछ। इरान समूह 'जी' मा परेको छ र उसले जुन १५ मा लस एन्जलसमा न्युजिल्यान्डविरुद्ध पहिलो खेल खेल्ने तालिका छ। त्यसपछि जुन २१ मा बेल्जियमसँग सोही मैदानमा प्रतिस्पर्धा गर्नेछ भने समूह चरणको अन्तिम खेल जुन २६ मा सियाटलमा इजिप्टविरुद्ध खेल्ने कार्यक्रम रहेको छ।

विश्वकपको तयारी तीव्र भइरहेका बेला देखिएको यो भिसा विवादले खेलकुद र कूटनीतिक सम्बन्धबिचको संवेदनशील सम्बन्धलाई पुन: चर्चामा ल्याएको छ। इरानले यस विषयमा अन्तर्राष्ट्रिय खेलकुद निकायहरूको ध्यानाकर्षण गराउँदै समाधान खोज्न आग्रह गरेको छ।

### अमेरिकाको...

सामुदायिक उत्सवहरू परिवार र बालबालिकाका लागि सुरक्षित स्थान हुनुपर्ने बताउनुभयो। उहाँले हिंसात्मक घटनाले समुदायमा असुरक्षा र त्रास फैलाउने उल्लेख गर्दै घटनाको निष्पक्ष अनुसन्धानको अपेक्षा व्यक्त गर्नुभएको छ।

प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा पक्राउका लागि सक्रिय खोजी अभियान सञ्चालन गरिरहेको जनाएको छ। हालसम्म कसैलाई पक्राउ गरिएको वा घटनाको स्पष्ट कारण सार्वजनिक गरिएको छैन।

घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।


## हार्दिक समवेदना



जन्म: २००२/०१/१८
निधन: २०८३/०२/१४

यस पोटरी स्क्वायर भट्टी व्यवस्थापन समितिका सञ्चालक सहदेव प्रजापतिकी ममतामयी माता **नानीछोरी प्रजापति**को स्वर्गारोहण भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**पोटरी स्क्वायर भट्टी व्यवस्थापन समिति**
तालाक्व, भक्तपुर-४


### राष्ट्रिय....

उल्लिखित व्यक्तिहरूको स्वच्छ सुनुवाइको हक अधिकारको सुनिश्चततासहित अनुसन्धान गरी दोषी देखिए कारबाही गर्न।

११. भदौ २३ र २४ गतको प्रदर्शनमा घाइते भई हालसम्म उपचाररत र जीवनभर वा भविष्यमा लामो समयसम्म उपचार गराइराख्नुपर्ने वा औषधि सेवन गरिराख्नुपर्ने भनी रजिस्टर्ड चिकित्सकबाट सिफारिस भएका घाइतेहरूको बाँकी सम्पूर्ण उपचार तथा औषधि नि:शुल्क हुने व्यवस्था मिलाउन।

१२. जीविकोपार्जनको स्रोत नभएका मृतकको आश्रित वा परिवारको कम्तीमा एक जना सदस्यलाई रोजगारी तथा स्वरोजगारको व्यवस्था मिलाई निजहरूको बाँच्न पाउने अधिकारको सम्मान गर्न तथा त्यस्तो कार्यमा प्रदेश सरकार तथा स्थानीय तहलाई जिम्मेवार बनाउन।

१३. प्रदर्शनको क्रममा अपाङ्ग भएका घाइतेहरूलाई आजीवन सहयोगी वा सहयोगी भत्तासहित निजको जीवनयापनको आर्थिक स्रोत सुनिश्चित गर्न।

१४. उल्लेखित सिफारिसका अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धान समितिले अनुसन्धान सिलसिलामा देखेको तर अधिकार क्षेत्रसमेतका कारण अनुसन्धान गर्न नसकेको निम्न विषयमा अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई थप सिफारिस गर्ने निर्णय गरियो:

क) माइतीघर मण्डलामा शान्तिपूर्ण प्रदर्शन गर्ने कार्यक्रम राखी सो ठाउँमा जम्मा भएका प्रदर्नकारीहरूलाई नयाँ बानेश्वरस्थित संसद् भवनतर्फ लैजाने, सो भिडलाई उक्साउने र संसद् भवनको सुरक्षामा रहेका सुरक्षा फौजउपर हिंसात्मक व्यवहार गर्न उक्साउने TOB समूह तथा अन्य व्यक्तिको सूक्ष्म अनुसन्धान गरी दोषी देखिए कानुनबमोजिम कारबाहीको दायरामा ल्याउन।

ख) सुरक्षा फौजको कारबाहीमा संसद् भवन परिसरलगायतका स्थानमा भएको कारबाही र सोही जरियाबाट ७६ जनाको मृत्यु भएको अवस्थामा फिल्डमा रहेका सुरक्षाको जिम्मेवारी लिने उच्चस्तरीय कर्मचारी तथा पदाधिकारीहरूलाई कारबाही सिफारिस गरिसकिएको हुँदा सोबाहेक फिल्डमा खटिएका गोली चलाउने सुरक्षाकर्मीहरूका विषयमा सूक्ष्म अनुसन्धान गरी दोषी पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न।

ग) २४ गतेको घटनाको आपराधिक घटनाका सम्बन्धमा थप सूक्ष्म अनुसन्धान गरी दोषी पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न।

घ) अनाधिकृत रूपमा कारागारबाट निस्किनु मानव अधिकारको हनन मात्र नभई कारागार ऐन २०७९ को दफा ४९ मा उल्लिखित फौजदारी अपराध भएको हुँदा रवि लामिछाने कारागारबाट बाहिर निस्कनुमा को कसको कस्तो संलग्नता थियो भन्ने सम्बन्धमा नख्खु कारागारका प्रशासक (जेलर) सत्यराज जोशी, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई छुटाउन भनी ठुलो समूहसहित गएका तत्कालीन सांसद् तथा राष्ट्रिय स्वतन्त्र पार्टीका जिम्मेवार नेताहरू मनिष झा, हरि ढकालसमेतलाई शङ्काको दायरामा राखी सूक्ष्म अनुसन्धान गरी दोषी पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न।

१५. यस्ता प्रकृतिका घटना भविष्यमा पुन: दोहोरिन नदिन नीतिगत र संस्थागत सुधार गर्नुपर्ने देखिँदा देहायबमोजिम गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्ने।

क) आन्तरिक हुलदङ्गा तथा हिंसात्मक आन्दोलनमा सेनाको प्रयोग गर्ने वा नगर्ने, गर्ने भए कानुनी र नीतिगत व्यवस्था अविलम्ब गर्न।

ख) राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीबिच समन्वय र सूचना आदानप्रदानमा कमी कमजोरी देखिएको हुँदा सो पक्ष सुदृढ गर्न।

ग) दङ्गा नियन्त्रणका उपायहरू राजनैतिक र प्रशासनिक पदबाट अलग राख्ने वा नराख्ने भन्ने विषयमा सरोकारवालाहरूसँग व्यापक सरसल्लाह गरी स्थानीय प्रशासन ऐन, २०२८ लाई आवश्यक पुनरावलोकन गर्न।

घ) राष्ट्रिय अनुसन्धान विभागको काम कारबाही प्रभावकारी नभएको हुँदा सो विभागलाई सुदृढ बनाउन आवश्यक प्रक्रिया अवलम्बन गर्न।

ङ) नेपाल प्रहरीको भिड नियन्त्रण गर्ने टोलीलाई साधन स्रोतसहित सबल र सुदृढ बनाई मानव अधिकारमैत्री भिड व्यवस्थापनको तालिम प्रदान गर्न।

१६. सिफारिश खण्डको प्रकरण नं. १ मा सिफारिश गरिएबमोजिमको नयाँ कानुन नबन्दासम्म दण्डहीनतालाई थप मौलाउन नदिन तथ्य र विश्लेषण खण्डमा उल्लङ्घनकर्ता भनी तोकिएका व्यक्तिहरूलाई हाल जहाँ, जुनसुकै सार्वजनिक पदमा रहेको भए तापनि कम्तीमा ६ महिना निलम्बन गरी मानव अधिकारको सम्मान तथा संरक्षण गर्न सिफारिससहित निर्देशन दिने।

### खेलकुदले...

जोड दिँदै उहाले "पढ्नेले खेल्नुपर्छ, खेल्नेले पढ्नुपर्छ" भन्ने अवधारणाले नै समग्र व्यक्तित्व विकास सम्भव हुने बताउनुभयो।

उहाँले नेपालका ७५३ स्थानीय तहमध्ये खेलकुद क्षेत्रलाई विशेष प्राथमिकता दिँदै योजनाबद्ध रूपमा लगानी र पूर्वाधार विकास गर्ने स्थानीय तहका रूपमा भक्तपुर नगरपालिका परिचित रहेको उल्लेख गर्नुभयो।

नगर प्रमुख प्रजापतिले एसईई २०८२ मा उत्तीर्ण खेलाडी विद्यार्थीहरूलाई फूलमाला लगाई सम्मान गर्नुभयो।


## हार्दिक समवेदना



जन्म
२००२/०१/१८

निधन
२०८३/०२/१४

यस ज्याठा गणेश बचत कोषका सदस्य सहदेव प्रजापतिकी ममतामयी माता तथा रिद्धिसिद्धि महिला बचत कोषका सदस्य जमुना प्रजापतिकी सासूआमा **नानीछोरी प्रजापति**को स्वर्गारोहण भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री ज्याठा गणेश बचत कोष**
**तथा श्री रिद्धिसिद्धि महिला बचत कोष**
तालाक्व, भक्तपुर-४

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा